# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १०६ | काठमाडौं | सोमबार, २२ साउन २०८० | Prabhab National Daily | Monday, August 7, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सय किलो सुन प्रकरण

## १८ दिनपछि अनुसन्धानको चाबी सिआइबीलाई




■ प्रभाव संवाददाता

- लामो समयसम्म राजस्व अनुसन्धान विभागले सुनको मालिक पत्ता लगाउन नसकेको भन्दै अनुसन्धानमाथि नै प्रश्न
- बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहालले अनुसन्धान गर्ने जिम्मा सिआइबीलाई दिन निर्देशन दिएका थिए
- सुन प्रकरणमा अरू कानुन आकर्षित हुने र अन्तरदेशीय अपराध जोडिएकाले पनि प्रहरीलाई फाइल दिइएको विभागका महानिर्देशक नवराज ढुंगानाको भनाइ

**काठमाडौं–** राजस्व अनुसन्धान विभागले जफत गरेको करिब सय किलो सुन तस्करी प्रकरणबारे अनुसन्धानको सम्पूर्ण जिम्मेवारी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पाएको छ । आइतबार यो प्रकरणको फाइल र आरोपीहरू सिआइबीलाई जिम्मा लगाएको राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुंगानाले बताए ।

अब उक्त प्रकरणको सम्पूर्ण अनुसन्धानका काम सिआइबीले गर्नेछ । यसअघि राजस्व अनुसन्धान विभागले नै यसको अनुसन्धान गरिरहेको थियो । सुन प्रकरण अनुसन्धान सिआइबीलाई नदिएको भन्दै प्रश्नसमेत उठेको थियो । त्यसपछि बिहीबारमात्र प्रधानमन्त्री पुष्पकमल दाहालले अनुसन्धान गर्ने जिम्मा सिआइबीलाई दिन निर्देशन दिएका थिए । दाहालको निर्देशनपछि आवश्यक प्रक्रिया पुऱ्याएर आइतबार फाइल सिआइबीलाई पठाइएको हो । उक्त प्रकरणमा अब सिआइबीले आर्थिकलगायत संगठित र अन्तरदेशीय अपराधका सन्दर्भमा पनि अनुसन्धान थाल्नेछ ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले विभागबाट पत्र प्राप्त भएपछि सिआइबीले अनुसन्धान थाल्ने जानकारी दिए । साउन ३ गते विमानस्थलको गेट पार गरिसकेर बाहिरिने क्रममा विभागले बरामद गरेको उक्त सुन विभाग आफैंले अनुसन्धान गरिरहेकामा १८ दिनपछि सिआइबीलाई जिम्मा लगाइएको हो ।

### सुनकै कारण भाँडभैलो

सुन जफत भएको तीन हप्ता पुग्नै लागेको छ । तर, सरकारले सुन कसले र किन ल्यायो भन्ने विषयमा अझै भेउ पाउन सकेको छैन । राजस्वले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको गेटबाट बरामद गरेको सुनका कारण संसद अवरुद्ध छ । सुन तस्करी प्रकरणकै कारण अवरुद्ध भएको सदन आज बस्दै छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले यो सुन प्रकरणमा सरकारले नैतिक जिम्मेवारी लिनुपर्ने बताएका थिए । अघिल्लो शनिबार बाँकेको नेपालगञ्ज (बाँकी पृष्ठ २ मा)

ललिता निवास प्रकरण

## पूर्वप्रधानमन्त्रीद्वय नेपाल–भट्टराई अनुसन्धानको घेरामा




■ जेबी योञ्जन

- पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईलाई निर्णायाधिकारी वा पदाधिकारीका रूपमा अविलम्ब अनुसन्धानको दायरामा ल्याउन आदेश
- २०६६/१२/२९ र मिति २०६७/१/३१ गते र २०६७/०४/२८ गते तथा मिति २०६९/०६/१८ को मन्त्रिपरिषद् बैठकले व्यक्तिको नाममा जग्गा पास गर्ने आधार तय
- सिआइबीले दुवैविरूद्ध संगठित अपराध र कीर्तेमा अनुसन्धान गर्ने

**काठमाडौं–** ललिता निवासको चार किल्लाभित्र पर्ने सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गराई हिनामिना गरेको प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई पनि अनुसन्धानमा तानिने भएका छन् । सर्वोच्च अदालतले आइतबार उक्त जग्गा काण्डका एक अभियुक्त योगराज पौडेलको तर्फबाट सिर्जना सिन्धुले दायर गरेको बन्दी प्रत्यक्षीकरण मुद्दामा संक्षिप्त आदेश जारी गर्दै दुवै पूर्वप्रधानमन्त्रीलाई अनुसन्धानको दायरामा ल्याउन मार्गप्रशस्त गरेको हो । आदेश जारी गर्ने न्यायाधीशहरू अनिलकुमार सिन्हा र डा. कुमार चुँडाल हुन् ।

न्यायाधीशद्वयको संयुक्त इजलासले दुवै पूर्वप्रधानमन्त्री निर्णायाधिकारीको भूमिकामा रहेर निर्णय गर्दा नै अन्ततः सरकारी जग्गा (बाँकी पृष्ठ २ मा)

### यसकारण अनुसन्धानमा तानिँदै

**काठमाडौं (प्रस)–** रुक्मांगद कटुवाल प्रकरणमा माओवादी अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपरेसँगै तत्कालीन एमाले महासचिव माधवकुमार नेपाल नेतृत्वमा सरकार गठन भयो । नेपाल नेतृत्वको मन्त्रिपरिषद् बैठकले बालुवाटारस्थित प्रधानमन्त्रीको निवास विस्तार गर्ने निर्णय २९ चैत २०६६ मा गऱ्यो । त्यसपछि ३१ वैशाख २०६७ र २८ साउन २०६७ मा पनि थप निर्णय नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले गरेको देखिएको छ ।

यसरी तीनवटा फरक–फरक मितिमा प्रधानमन्त्रीको निवास विस्तार गर्ने निर्णयकै आधारमा विचौलियाहरूको प्रभावका कारण नक्कली मोहीसमेत खडा गरेर सरकारी जग्गा पाएका थिए । नक्कली मोहीहरू देवनारायण महर्जन, तीर्थमाया महर्जन, माधवी सुवेदी, डीएफएल कम्पनी, रामकृष्ण महर्जन, कान्छा महर्जनलगायत १२ जना छन् ।

डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा भने मन्त्रिपरिषद् बैठकले ललिता निवासको तीन रोपनी जग्गा पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो । सोही स्वीकृतिका आधारमा सरकारी जग्गा व्यक्तिको नाममा गएको भन्दै तत्कालीन (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## गत आवमा धेरै कामदार पठाउने ‘टप २०’ म्यानपावर

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सरकारबाट वैदेशिक रोजगारसम्बन्धी व्यवसाय सञ्चालन गर्न देशभर ८६७ वटा म्यानपावर कम्पनीले इजाजतपत्र लिएका छन् । यी नै म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीका लागि बर्सेनि लाखौंको संख्यामा नेपाली युवा विदेशिने गरेका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर रोजागारीका लागि विदेश जाने प्रावधान भए पनि संस्थागतरूपमा जाने कामदारको हिस्सा ठूलो रहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ ।

कोभिड–१९ को महामारीले थला पारेको नेपालको वैदेशिक रोजगारीका क्षेत्र आर्थिक वर्ष २०७८/७९ पछि पुरानै लयमा फर्किँदै छ लाख ३० हजार नेपाली रोजगारीका लागि विदेश पुगे । गत आर्थिक वर्ष २०७९/८० मा पनि वैदेशिक रोजगारीका लागि जाने कामदारहरूको संख्यामा उल्लेख्य वृद्धि भएको तथ्यांक छ । यस आवमा सात लाख ७१ हजार ३२७ नेपाली श्रम स्वीकृति लिएर कामका लागि विभिन्न मुलुक पुगेको तथ्यांक विभागले सार्वजनिक गरिसकेको छ । वैदेशिक रोजगारीको माध्यम बनिरहेका म्यानपावर कम्पनीहरूमध्ये वर्षभरिमा सबैभन्दा धेरै कामदार विदेश पठाउने २० कम्पनीको सूची यहाँ प्रस्तुत गरिएको छ ।

आव २०७९/८० मा सबैभन्दा धेरै संख्यामा नेपाली कामदार विदेश पठाउनेमा द रिभर ओभरसिज पहिलो स्थानमा देखिएको छ । यस कम्पनीमार्फत विभिन्न श्रम गन्तव्य मुलुकमा पाँच हजार ५४६ जना रोजगारीका लागि गएका छन् । दोस्रो स्थानमा इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रालि रहेको छ । यस कम्पनीले पाँच हजार ३३५ जनालाई वैदेशिक रोजगारीमा पठाएको तथ्यांक छ । तेस्रो स्थानमा रहेको निलकमल हयुमन रिसोर्स प्रालिले उक्त आवभित्र चार हजार २३७ जना नेपालीलाई वैदेशिक रोजगारीमा पठाएको देखिन्छ ।

| कुन म्यानपावरमार्फत कति श्रमिक विदेशिए | | |
|---|---|---|
| द रिभर ओभरसिज | : | ५५४६ |
| इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट | : | ५३३५ |
| निल कमल हयुमन रिसोर्स | : | ४२३७ |
| वाइड स्पेस इन्टरनेसनल | : | ३९७९ |
| मोन्टाज ओभरसिज | : | ३६४९ |
| एक्सेस पार्टनर्स | : | ३५६४ |
| एसओएस म्यानपावर सर्भिस | : | ३४५७ |
| मेरिडियन ओभरसिज | : | ३३७८ |
| मास हयुमन रिसोर्स | : | ३१७९ |
| फ्रन्टलाइन रिक्रुटमेन्ट | : | २९७३ |
| ओमेगा इन्टरनेसनल | : | २७७७ |
| साउण्डलाइन्स रिक्रुटमेन्ट | : | २७०२ |
| लक्की एचआर सोलुसन | : | २५४६ |
| बि.एस. ओभरसिज | : | २५२४ |
| एयर किंग्स प्लेसमेन्ट | : | २४४६ |
| मुस्कान ओभरसिज | : | २४०१ |
| लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस | : | २३९१ |
| दित्य इन्टरनेसनल | : | २३१० |
| पाल्ही ओभरसिज | : | २३०१ |
| ट्रस्ट नेपाल ओभरसिज | : | २२३६ |

त्यस्तै वाइड स्पेस इन्टरनेसनल प्रालि तीन हजार ९७९ श्रमिक पठाउँदै चौथो स्थानमा रहेको छ । मोन्टाज ओभरसिज प्रालिले पाँचौं स्थान ओगटेको छ । उक्त कम्पनीले तीन हजार ६४९ जना नेपाली कामदारलाई विदेश पठाएको छ । एक्सेस पार्टनर्स प्रालि तीन हजार ५६४ जना पठाउँदै छैटौं स्थानमा रहँदा एसओएस म्यानपावर सर्भिस प्रालि तीन हजार ४५७ जना पठाउँदै सातौं, मेरिडियन ओभरसिज प्रालि तीन हजार ३७८ जना पठाएर आठौं, मास हयुमन रिसोर्स प्रालि तीन हजार १७९ जनासहित नवौं र फ्रन्टलाइन रिक्रुटमेन्ट प्रालि दुई हजार हजार ९७३ जना नेपालीलाई वैदेशिक रोजगारीमा पठाएर धेरै कामदार पठाउने म्यानपावर कम्पनीको सूचीमा दशौं स्थानमा परेका छन् ।

विभागले तयार पारेको अभिलेखअनुसार ११औं स्थानमा रहेको ओमेगा इन्टर नेसनल प्रालिले एक वर्षमा दुई हजार ७७७ जना नेपालीलाई रोजगारीका लागि विदेश पठाएको छ । बाह्रौं स्थानमा रहेको साउण्डलाइन्स रिक्रुटमेन्ट प्रालिले दुई हजार ७०२ जना, १३औं स्थानको लक्की एचआर सोलुसन प्रालिले दुई हजार ५४६ जना, १४औं स्थानमा रहेको बिएस ओभरसिज प्रालिले दुई हजार ५२४ जना र १५औं स्थानमा परेको एयर किंग्स प्लेसमेन्ट प्रालिले दुई हजार ४४६ जनालाई वैदेशिक रोजगारीमा पठाएको तथ्यांक छ ।

यसैगरी १६औं स्थानमा रहेको मुस्कान ओभरसिजले दुई हजार ४०१, १७औं स्थानको लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रालिले दुई हजार ३९१, १८औं स्थानमा रहेको दित्य इन्टरनेसनल प्रालिले दुई हजार ३१० जना नेपालीलाई रोजगारीका लागि विदेश पठाएका छन् । त्यसैगरी १९औं र २०औं स्थानमा क्रमशः पाल्ही ओभरसिज र ट्रस्ट नेपाल ओभरसिज प्रालि परेका छन् । पाल्हीले दुई हजार ३०१ जना र ट्रस्ट नेपालले दुई हजार २३६ जनालाई वैदेशिक रोजगारीमा पठाएका छन् ।

उल्लिखित अधिकांश म्यानपावर कम्पनीहरू अघिल्लो आर्थिक वर्षमा पनि ‘टप २०’भित्रै परेका थिए । यस वर्ष पनि अझ बढी संख्यामा नेपालीहरूलाई रोजगारीका लागि विदेश पठाएर आफ्नो स्थान कायमै राखेका छन् ।




# प्रहरी चारित्रिक प्रमाणपत्र अनलाइनबाटै प्रमाणीकरण

**काठमाडौं (प्रस)-** प्रहरी चारित्रिक प्रमाणपत्रलाई पूर्णरूपमा अनलाइन माध्यमबाट प्रमाणीकरण गर्ने कार्यको शुभारम्भ गरिएको छ। परराष्ट्रमन्त्री एनपी साउदले कन्सुलर सेवा विभागमा आइतबार आयोजित कार्यक्रममा सो सेवाको शुभारम्भ गरे।

सो सेवा सुरु भएपछि मोबाइल, कम्प्युटर वा ल्यापटपका माध्यमले अनलाइनबाटै प्रहरी चारित्रिक प्रमाणपत्रलाई प्रमाणीकरण गर्न सकिने भएको छ। अब त्यसै प्रयोजनका लागि विभागमा भौतिकरूपमा उपस्थित हुनुपर्ने बाध्यताको अन्त्य भएको छ। यसअघि सोही कामका लागि दैनिक करिब एक हजार ५०० जना विभाग पुग्ने गरेका थिए।

सो अवसरमा मन्त्री साउदले यो सेवा सार्वजनिक सेवा प्रवाह प्रभावकारीरूपमा प्रदान गर्ने योजनामा कोशेढुंगा सावित भएको बत(ाउँदै मन्त्रालयका अन्य सेवालाई पनि नयाँ प्रविधिको सदुपयोग गरी अनलाइन माध्यमबाटै प्रदान गरिने जानकारी दिए।

यसबाट जनताले खेप्नुपर्ने हैरानीको अन्त्य हुने र खर्चकोसमेत बचत हुने बताउँदै उनले दुर्गममा बसेर पनि राज्यले प्रदान गर्ने सेवा सहजै प्राप्त हुने उल्लेख गरे। फरक प्रसंगमा उनले वर्तमान सरकार सदैव छिमेकी तथा मित्र राष्ट्रहरूसँग सुमधुर सम्बन्ध बन(ाउने र निरन्तरता दिन पक्षमा रहेको स्पष्ट पारे।

वर्तमान सरकार गठनपछि प्रधानमन्त्री दाहालको फलदायी भारत भ्रमण भएको उल्लेख गर्दै मन्त्री साउदले सो अवसरमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको बताए।

उनले अन्तर्राष्ट्रियसम्बन्ध परस्पर राष्ट्रिय हित र स्वार्थका आधारमा अघि बढाउँदा नै मुलुक र जनतको हित हुने उल्लेख गर्दै विदेश नीतिका सम्बन्धमा सबै पार्टी र पक्षबीच सहमति हुनुपर्ने धारणा व्यक्त गरे।

# भिभिआइपी र भिआइपीको स्वास्थ्य उपचार समिति गठन

**काठमाडौं (प्रस)–** सरकारले अति विशिष्ठ व्यक्ति (भिभिआइपी) र विशिष्ट व्यक्ति (भिआइपी)को स्वास्थ्य उपचार समिति गठन गरेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति प्रा.डा. भुपेन्द्रकुमार बस्नेतको संयोजकत्वमा मन्त्रिस्तरीय निर्णयअनुसार सो समिति गठन गरेको हो।

समितिमा प्रा.डा. भगवान कोइराला, डा. सन्दुक रुइत, डा. भोला रिजाल, प्रा.डा. शैली प्रधान, प्रा.डा. रविमान श्रेष्ठ, प्रा.डा. किरणप्रसाद श्रेष्ठ, प्रा.डा. रत्नमणि गजुरेल, प्रा.डा. सुवास आचार्य, प्रा.डा. शशि शर्मा, प्रा.डा. रमेश चाखनी, सहप्रा.डा. ध्रुव गैरे, डा पुकारचन्द्र श्रेष्ठ, डा महेश अधिकारी र डा अनन्त अधिकार सदस्य रहेका छन्।

नेपालको स्वास्थ्य संस्थाहरूको गुणस्तर सुधार हुनुका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भइरहेको अवस्थामा राज्यको महत्त्वपूर्ण निकायमा कार्यरत भिभिआइपी र भिआइपीको स्वास्थ्य उपचारमा बर्सेनि ठूलो रकम विदेशमा गइरहेको र देशभित्रको स्वास्थ्य उपचार सेवाको विश्वास नगरेजस्तोसमेत देखिएकाले सो समिति गठन गरिएको हो।

समितिले वीर अस्पतालबाट भिभिआइपी र भिआइपीको स्वास्थ्य उपचार गर्ने, उपचार व्यवस्थापनको आवश्यक कार्यसूची तयार गर्ने, विशेष चिकित्सकको समूह निर्माण गर्नेलगायतका विशिष्टीकृत चिकित्सकीय विधि तथा प्रक्रियाबमोजिम उपचारको व्यवस्थापनको कार्यविधि तयार गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेस गर्नेछ।

समितिको आइतबारको वैठकमा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले भिभिआइपी र भिआइपीले नेपालमै उपचार गर्दा आमजनतामा पनि नेपालको स्वास्थ्य क्षेत्रप्रति विश्वास गर्ने वातावरण सिर्जना हुने बताए।

'अब नेपाली स्रोत र साधनबाट उपचारका लागि आवश्यक सबै उपकरणको व्यवस्था छ, अकस्मात कुनै त्यस्तो परेछ भने, नेपालकै विशेषज्ञको टिमले गरेको सिफारिस गरेका आधारमा किन नपठाउने ?,' उनले भने।

# प्रधानमन्त्री दाहालको चीन भ्रमण सेप्टेम्बर तेस्रो साता



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले आगामी सेप्टेम्बर तेस्रो साता छिमेकी मुलुक चीनको भ्रमण गर्ने भएका छन्।

परराष्ट्रमन्त्री एनपी साउदले आइतबार प्रधानमन्त्री सेप्टेम्बरको तेस्रो/चौथो साता चीनको भ्रमण जाने जानकारी दिएका हुन्। प्रहरी चारित्रिक प्रमाणपत्रलाई पूर्णरूपमा अनलाइनमाध्यमबाट प्रमाणीकरण गर्ने कार्यको शुभारम्भ कार्यक्रममा उनले सो कुरा बताएका हुन्।

साउदले भने, 'हामी त्यसको तयारी अवस्थामा छौं।' उनले वर्तमान सरकार सदैव छिमेकी तथा मित्रराष्ट्रसँग सुमधुर सम्बन्ध बनाउने र निरन्तरता दिन पक्षमा रहेको स्पष्ट पारे।

वर्तमान सरकार गठनपछि प्रधानमन्त्री दाहालको फलदायी भारत भ्रमण भएको उल्लेख गर्दै मन्त्री साउदले सो अवसरमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको बताए।

उनले अन्तर्राष्ट्रिय सम्बन्ध परस्पर राष्ट्रिय हित र स्वार्थका आधारमा अघि बढाउँदा नै मुलुक र जनताको हित हुने उल्लेख गर्दै विदेश नीतिका सम्बन्धमा सबै पार्टी र पक्षबीच सहमति हुनुपर्ने धारणा व्यक्त गरे।

## यसकारण...

पृष्ठ १ बाट जारी

सचिव दिनेशहरि अधिकारी र तत्कालीन मन्त्री चन्द्रदेव जोशी अभियुक्त बनेका थिए। अनुसन्धानको क्रममा तत्कालीन मुख्यसचिव लीलामणि पौडेलले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा लगेको खुलेको थियो। उनीविरुद्ध पनि अख्तियारले मुद्दा चलाएन।

यसरी पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई ललिता निवास प्रकरणमा मुछिएका हुन्। सिआइबीका अनुसार व्यक्तिको नाममा जग्गा जान थालेको भनेको २०४९ सालदेखि नै हो। त्यसयता १४३ रोपनी जग्गा व्यक्तिको नाममा गइसकेको छ। यसमध्ये सर्वोच्चका न्यायाधीश कुमार रेग्मी र एमाले उपाध्यक्ष विष्णु पौडेलका छोराले जग्गा फिर्ता गरिसकेका छन्।

## पूर्वप्रधानमन्त्रीद्वय...

पृष्ठ १ बाट जारी

व्यक्तिको नाममा पुगेको ठहर गरेको सर्वोच्च प्रवक्ता विमल पौडेलले बताए। 'निर्णायाधिकारी भनौं या पदाधिकारी, उहाँहरू (नेपाल र भट्टराई) नै देखिन आउँछ,' उनले प्रभावसँग भने, 'त्यही भएर उहाँहरूलाई पनि अनुसन्धानको दायरामा ल्याउनुपर्ने गरिको आदेश जारी भएको छ।'

यसअघि २२ माघ २०७६ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भने मन्त्रिपरिषद् बैठकले गरेको निर्णय नीतिगत हुने र प्रधानमन्त्रीद्वय नेपाल र भट्टराईलाई निर्णय गर्ने पदाधिकारी भन्दै मुद्दा चलाउन नपरेको उल्लेख गरेर उन्मुक्ति दिएको थियो। जतिबेला अख्तियारले दुई पूर्वप्रधानमन्त्रीबाहेक ११० जनालाई बिगो कैद र जरिवाना तथा ६५ जनालाई जग्गा जफत प्रयोजनका लागि प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो।

झण्डै चार वर्षपछि भने सर्वोच्चले निर्णय गर्ने पदाधिकारीलाई पनि अनुसन्धानको दायरामा ल्याउन आदेश दिएको हो। सर्वोच्चको यस्तो आदेशसँगै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले संगठित अपराध र कीर्ते मुद्दामा दुवै पूर्वप्रधानमन्त्रीविरुद्ध अनुसन्धान गर्ने भएको छ। सिआइबी प्रवक्ता सञ्जयसिंह थापाले अदालतको आदेशअनुसार अघि बढ्ने पनि बताएका छन्। 'अदालतको संक्षिप्त आदेश आएको छ, अब हामी आदेशअनुसार काम गर्छौं,' थापाले भने।

अह्राएको काम गर्ने स्तरका कर्मचारी एवं सम्पत्ति लगानी गरी जग्गा खरिद गर्नेहरूतर्फ मात्रै यसअघि अनुसन्धान बढी केन्द्रित भएको पनि सर्वोच्चको ठहर छ। तर, निर्णायाधिकारी वा पदाधिकारी (प्रधानमन्त्रीहरू)लाई अनुसन्धानको दायरामा नल्याएको पाइएको जनाएको छ। यसो हुँदा समग्र न्याय प्रणालीप्रतिको आमविश्वासको जोखिम हुने संक्षिप्त आदेशमा भनिएको छ। त्यही भएर निर्णयाधिकारीलाई अब थप अनुसन्धानको दायरामा ल्याएर अनुसन्धान कार्य सम्पन्न गर्न आदेश दिएको हो।

आदेशमा ललिता निवासको जग्गा व्यक्तिको नाममा तीन फरक-फरक मितिको मन्त्रिपरिषद् बैठकले भएको उल्लेख छ। बैठकमा निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्षरूपमा संलग्न हुनेहरू र मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेस गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहका पदाधिकारीलाई न्याय प्रणालीको विश्वास जोगाउन भए पनि अनुसन्धान गर्नुपर्ने औचित्य रहेको तर्क सर्वोच्चले अघि सारेको छ।

'मिति २०२१/८/१७ मा प्रकाशित नेपाल राजपत्रको सूचना बमोजिमको नेपाल सरकारको नामको ललिता निवासको जग्गा व्यक्ति विशेषका नाममा नामसारी दाखिल खारेज दर्ता वा मोही कायम हुनेगरी मिति २०६६/१२/२९ र मिति २०६७/१/३१ गते र २०६७/०४/२८ गते तथा मिति २०६९/०६/१८ को मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रूपमा संलग्न हुनेहरू, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेस गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपानबाट समेत गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नू गराउनू...,' संक्षिप्त आदेशमा उल्लेख छ।

अख्तियार र सिआइबीले ललिता निवासको जग्गा काण्डमा यसअघि प्रधानमन्त्रीदेखि तल्ला तहका अधिकारीहरूलाई मात्रै अनुसन्धान गरेको थियो। अनुसन्धान सकेर अख्तियारले चार वर्षअघि नै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ। हाल मुद्दा विचाराधीन छ।

सिआइबीले भने मुद्दाको अनुसन्धान प्रतिवेदन तयार गर्दैछ। प्रवक्ता थापाका अनुसार अनुसन्धान सकिन बाँकी छ। संगठित अपराध र कीर्ते कसूर गरेको घटनाका ठूला केही आरोपी फरार छन्। हालसम्म २० जना पक्राउ परेका छन्। उनीहरूसँग सिआइबीका अनुसन्धान अधिकृतहरूले बयान लिइरहेको थापाले बताए। तर, अनुसन्धान प्रतिवेदन भने फरार केही ठूला अभियुक्ताहरूको पक्राउविनै समय अभावले बुझाउन तयार गरिरहँदा पूर्वप्रधानमन्त्रीद्व नेपाल र भट्टराईविरुद्ध पनि अनुसन्धान गर्नुपर्ने दायित्व सिआइबीको काँधमा आइपरेको हो।

यसबीच सर्वोच्चले सरकारका दुवै निकाय (अख्तियार र सिआइबी)को अनुसन्धान अह्राएको काम गर्ने र जग्गा खरिद गर्नेहरूविरुद्ध मात्रै भएको भन्दै असन्तुष्टि प्रकट गरेको छ। यस्तो कार्यले निर्णयकर्ताले उन्मुक्ति पाउने र अह्राएको गर्ने फसिने जोखिम बढ्ने जनाएको छ।

यद्यपि, अह्राएको भए पनि काम गरेर अन्ततः ललिता निवासको जग्गा व्यक्तिको नाममा पार्न भूमिका निर्वाह गर्ने कर्मचारीहरूविरुद्ध अनुसन्धान हुनुलाई सर्वोच्चले जायज पनि भनेको छ।

## १८ दिनपछि...

पृष्ठ १ बाट जारी

पुगेका ओलीले सेटिङविना सुन भित्रन नसकिने दाबी गरेका थिए। 'सरकारको विशेष जिम्मेवारीमा रहेका व्यक्तिको योजनाविना यति ठूलो परिणाममा सुन भित्रन सक्दैन, एक दुई वस्तु लिएर आउँदा पटक-पटक चेक हुने ठाउँमा कसरी फुत्त आयो,' ओलीले भने, 'यो सेटिङविना सम्भव छैन, सरकारले सुनकाण्डमा नैतिक जिम्मेवारी लिनुपर्छ।'

बुधबारमात्र प्रमुख प्रतिपक्षी ओलीले नेपाली कांग्रेस सुन प्रकरणमा चुप बसेको भन्दै सभापति शेरबहादुर देउवालाई कटाक्ष गरे। 'म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाजीलाई भन्न चाहन्छु- देउवाजी तपाईंले क्विन्टल क्विन्टल सुन तस्करी भएको सुन्नुभएको छ कि छैन ? के छ तपाईंको विचार ?' हुन पनि कांग्रेस सभापति देउवा अहिलेका सरकारका प्रमुख हिस्सेदार हुन्। देउवाले अहिलेसम्म सुन प्रकरणमा केही बोलेका छैनन्। त्यसो त साउन १० गते सम्पन्न कांग्रेस केन्द्रीय समितिले सुन तस्करीमा संलग्नलाई अविलम्ब कारबाही गर्न सरकारसँग माग गरेको छ। 'हालसालै त्रिभुवन विमानस्थल भन्सारबाट बाहिर निस्कँदै गर्दा पक्राउ परेको करिब १०० किलो सुनको सन्दर्भमा गम्भीरतापूर्वक गहिरो अनुसन्धान गरी सुन तस्करीमा संलग्न दोषीलाई अबिलम्ब कारबाहीको दायरामा ल्याउन यो बैठक सरकारसँग माग गर्दछ,' कांग्रेसको निर्णयमा भनिएको छ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुन प्रकरणमा संलग्न कसैलाई नछाड्ने बताएका छन्। अघिल्लो शनिबार काठमाडौंको गोकर्णेश्वरको जगडोलस्थित राष्ट्रिय सहिद तथा शान्ति उद्यानमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले भ्रष्टाचारमा जुनसुकै राजनीतिक दल, परिवार तथा ओहोदाका व्यक्ति संलग्न भए पनि कारबाही गरिने बताए।

वर्तमान सरकारले सुशासनलाई पहिलो सर्त बनाएको उल्लेख गर्दै उनले सुशासनविना समृद्धिको यात्राले फड्को मार्न नसक्ने बताए। 'भ्रष्टाचार, बेथिति र ठगी विरोधी अभियान रोकिँदैन,' उनले भने, 'जुनसुकै राजनीतिक पार्टी, परिवार, व्यापारिक घराना र नाता सम्बन्धका हुन्, कसैसँग सरकारलाई मतलब छैन, अनुसन्धानका आधारमा दोषी देखिन्छ भने कारबाहीको दायरामा ल्याइन्छ।' माओवादी केन्द्रीय समितिको बैठकबाट बाहिरिने क्रममा शुक्रबार सञ्चारकर्मीले यही सुन प्रकरणबारे प्रश्न सोध्दा श्रेष्ठले यसरबारे नबोल्ने प्रतिक्रिया दिए।

### १७ जना पक्राउ, एक जना छुटे बीचैमा

हङकङबाट नेपाल ल्याएको तस्करीको सुन प्रकरणमा साँझसम्म राजस्व अनुसन्धान विभागले एक चिनियाँ र एक भारतीय नागरिकसहित १८ जनालाई नियन्त्रणमा लिइसकेको छ। पक्राउ पर्नेमा तीन जना भन्सार विभागका कर्मचारी छन्। साउन २ गते साँझ विभागले सुन नियन्त्रणमा लिएको थियो।

सोही दिन विभागले सुन तस्करीका बिचौलिया राजेन्द्र राई र ट्याक्सी चलक अशोक लामालाई भन्सार कार्गो गेटबाट सुनसहित पक्राउ गरेको थियो। सोही दिन राति सुन आयात गर्ने कम्पनी रेडी ट्रेडर्सका सञ्चालक दीलिप भुजेल पक्राउ परे भने सुन तस्करीका लागि कम्पनी खोल्न सघाउने उनका मामा रामकुमार भुजेललाई पनि विभागले पक्राउ गरेको थियो। राई मामा भाञ्जाको सहयोगमा विभागले उनीहरूलाई कम्पनी खोल्न सहजीकरण गरेका हर्कराज राई र तिब्वतीयनमूलका भारतीय नागरिक थुप्तेन छिरिङ लामालाई पनि नियन्त्रणमा लिएको थियो।

त्यसयता गत आइतबार भन्सार अधिकृत सन्तोष चन्द, खरिदार एवम् जाँचकी कुमार ढकाल र एक्सरे अपरेटर सरोज श्रेष्ठ रहेका छन्। यस्तै पक्राउ पर्नेमा भन्सार एजेन्ट यादवशंकर पराजुली, सुदर्शन गौतम र रुकमिना सुब्बा छन्। यी तीन जना एजेन्ट सुन भन्सार पास गराउन संलग्न रहेको आरोप विभागको छ। सुब्बा भने ११ दिनपछि घाँटीको क्यान्सरको उपचार गराइरहेकाले थुनामुक्त भएकी छन्। यस्तै सुन तस्करीमा संलग्न खोज्ने क्रममा विभागले गत बिहीबार नेपालमा सुन आयात गरेर वितरणमा संलग्न चिनियाँ नागरिक ३६ वर्षीय जेक्युयाङ लीनलाई पक्राउ परेको थियो।


यस्तै सुन आयात गर्ने कम्पनीको सामान आयात गर्ने कार्गो कम्पनीका तीन जना सञ्चालकहरू राजन श्रेष्ठ, कृष्ण श्रेष्ठ, पुष्करराज भट्टलाई विभागले अघिल्लो शुक्रबार नै नियन्त्रणमा लिएको थियो। यो शुक्रबार सुन तस्करीमा संलग्न रेडी ट्रेडर्स प्रालिको काठमाडौंस्थित सोह्रखुट्टे गोदाम छापा मार्‍यो। यद्यपि सशस्त्रले सुन भने भेटेन। गोदाममा मोटरसाइकलको 'ब्रेक शु' सुन गलाउने मेसिन भेटिएको सशस्त्र प्रहरीले जनाएको छ। त्यसपछि विभागले ठमेलको होटल भियनामा छापा मारी तिब्वती मुलका बेल्जियन नागरिक दावा छिरिङलाई पक्राउ गरेको थियो।

### किन सिआइबीलाई ?

लामो समयसम्म विभागले सुन प्रकरणको छेउकुना पत्ता नलगाएको अवस्थामा अनुसन्धानको चाबी सिआइबीले पाएको छ। १८ दिनपछि अनुसन्धानको फाइल किन बुझायो सिआइबीलाई ? सुन प्रकरणमा अरु कानुन आकर्षित हुने र अन्तरदेशीय अपराध जोडिएकाले पनि प्रहरीलाई फाइल दिइएको विभागका महानिर्देशक नवराज ढुंगानाले बताए।

विभागले पहिलोपटक आफूले गरिरहेको अनुसन्धानको फाइल बीचैमा प्रहरीलाई सुम्पिएको हो। यसभन्दा अगाडि नेपाल प्रहरी, सशस्त्र प्रहरीले विभिन्न सीमा नाका तथा राजस्व छलेका सामान बरामद गरेमा राजस्व अनुसन्धान कार्यालय वा विभागलाई बुझाउँदै आएको थियो। तर साउन ३ गते त्रिभुवन विमानस्थलबाहिर बरामद भएको सुन तस्करीको अनुसन्धान विभागले प्रहरीलाई बुझाएको छ। राजस्व अनुसन्धानले ९० दिनसम्म हिरासतमा राखेर आरोपीविरुद्ध अनुसन्धान गर्न पाउने अधिकार कानुनले दिएको छ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

साउन २१ गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| **वृष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ। |
| **मिथुन** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। |
| **कर्कट** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **सिंह** | अरुले आलोचना पनि गर्न सक्छन्। |
| **कन्या** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। |
| **तुला** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। |
| **वृश्चिक** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। |
| **धनु** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला। |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ। |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन २१ गते, २०८०, ०७ अगस्ट, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# जनताका घरघरमा पुग्ने माओवादी निर्णय

## सात प्रदेशका सात वडामा अध्यक्ष दाहाल आफैं सहभागी हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ नेकपा माओवादी केन्द्रले विशेष अभियानका रूपमा तीन महिने अभियान सञ्चालन गर्ने भएको छ । पार्टीको केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहालले उक्त अभियानलाई प्रभावकारी बनाउन नेताहरूलाई निर्देशन दिए ।

उक्त अभियानमा सात प्रदेशका सात वटा वडामा आफैं खटिने अध्यक्ष दाहालले बताए । सो अभियानमा पार्टीका सबै नेता तथा कार्यकर्ता कार्यक्षेत्रमा खटिनुपर्ने उनको भनाइ छ । अध्यक्ष दाहालले हरेक घर र परिवारमा पुगेर पार्टीको नीति योजना, कार्यक्रम र सरकारले पछिल्ला दिनमा गरिरहेको काम कारबाहीका बारेमा जानकारी गराउन निर्देशन दिएका छन् । उनले देशभित्रका प्रत्येक घर परिवारलाई भेट्न र कुनै पनि घर नछाड्न पार्टीका केन्द्रीय सदस्यलाई निर्देशन दिए ।

आफू पनि सात वडा प्रदेशको विभिन्न सात वडामा पुगेर जनतासँग साक्षात्कार गर्ने उल्लेख गर्दै उनले अब सबै नेता तथा कार्यकर्ता जनतासँग एकाकार हुनैपर्ने र जोडिनैपर्ने बताए । उनले अहिले पनि पार्टी र नेतृत्व घेराबन्दीमा रहेको उल्लेख गरे । प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष दाहालले सरकारका तर्फबाट भएको काम कारबाहीका बारेमासमेत जनतालाई जानकारी दिन आग्रह गरे ।

उले भ्रष्टाचार विरोधी अभियान योजनाबद्ध तरिकाले सञ्चालन गरिएको उल्लेख गरे । उनले अभियानलाई साथ दिन निर्देशनसमेत दिएका छन् । 'माओवादीले गरेन भने त्यसको नेतृत्व अरू कसैले गर्न सक्दैन भनेर योजनाबद्ध तरिकाले अघि बढेका हौं,' अध्यक्ष दाहालले भने, 'हामी यसलाई त्यतिकै छाड्दैनौं, यो अभियानमा सबै कमरेडहरूले साथ दिनुहोला ।'

उनले पार्टीको मुख्य नेतृत्व वरिपरि गोलबन्द भएर विधि पद्धतिमा रहेर जनतासँग एकाकार भएर परिवर्तनको स्वामित्व लिने गरी अगाडि बढ्नुपर्ने बताए । विचार र राजनीतिमा पार्टी एकमत भएको र भावनात्मक रूपमा एकै ठाउँमा आएको उल्लेख गरे । उनले जनतासँग एकाकार भएको खण्डमा माओवादीले पुनः देशको पूर्ण नेतृत्व गर्ने बताए । उनले विगतमा पार्टीमा केही अन्योलमा परेजस्तो भए पनि केन्द्रीय समितिको बैठकपछि ती सबै हटेको स्पष्ट पारे ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै पार्टी प्रवक्ता कृष्णबहादुर महराले केन्द्रीय समितिको बैठक असाधारणरूपमा सम्पन्न भएको र विभिन्न २५ बुँदे समसामयिक प्रस्ताव पारित गरेको जानकारी दिए । समाजवादी क्रान्तिको अभियान सुरु भएको उल्लेख गर्दै उनले 'जनतासँग माओवादी विशेष रूपान्तरणका लागि अभियान' सञ्चालन गर्न लागिएको बताए ।

उनका अनुसार अभियानको आगामी भदौ १६ गते उद्घाटन हुनेछ । अभियानमा जनताको घरघरमा जाने र जनताको गुनासो सुन्ने र पार्टीमा केन्द्रित गरिने प्रवक्ता महराले जानकारी दिए । यही साउन १७ गतेदेखि सुरु भएको बैठकमा अध्यक्ष दाहालले समसामयिक राजनीतिक प्रस्ताव पेस गरेका थिए । सो प्रस्तावमाथि नेताहरूले आ-आफ्नो धारणा राखेका थिए ।

माओवादीले केन्द्रीय समितिलाई ४०९ सदस्यीय बनाएको छ । केन्द्रीय समितिमा ३५ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । बैठकमा ३८७ पूर्ण र १९६ वैकल्पिक केन्द्रीय सदस्य, अनुशासन, लेखा र निर्वाचन आयोगका सदस्य ४१ तथा सात भौगोलिक र तीन गैरभौगोलिक गरी १० प्रदेशका ९० पदाधिकारीको सहभागिता थियो । बैठकमा पार्टी सदस्यको संख्या सात लाख ५२ हजार ९५६ रहको तथ्यांक प्रस्तुत भएको थियो ।

माओवादीको केन्द्रीय समिति बैठक एक वर्षपछि बसेको हो । यसअघि २०७९ साल असार १९ देखि २५ सम्म केन्द्रीय समितिको तेस्रो बैठक बसेको थियो । त्यसयता बैठक बस्न सकेको थिएन । पार्टी अध्यक्ष दाहालको नेृत्वमा वर्तमान सरकार गठन भएपछि गत माघ २६ गते 'श्रव्य दृश्यका माध्यमबाट केन्द्रीय समितिको बैठक बसेको थियो । माओवादी केन्द्रले २०७८ पुसमा आठौं महाधिवेशन गरेको थियो । माओवादीले केन्द्रीय बैठकको प्रत्यक्ष प्रसारण गर्ने पदाधिकारीको निर्णयमाथि स्थायी समितिका नेताहरूले विरोधपछि स्थगित गरेको थियो ।

# माओवादी नेताहरूको जिम्मेवारी हेरफेर

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रले नेताहरूको जिम्मेवारी हेरफेर गरेको छ । आइतबार प्रधानमन्त्रीनिवास बालुवाटारमा पार्टी पदाधिकारी बैठकले गरेको निर्णयलाई केन्द्रीय समितिको बैठकले अनुमोदन गरेको हो ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहालले पार्टीका नेताको जिम्मेवारी तोकिएको र फेरबदल गरिएको सम्बन्धी प्रस्ताव पेस गरेका थिए । उक्त प्रस्तावअनुसार पार्टीका उपमहासचिव वर्षमान पुनलाई विशेष प्रदेश इञ्चार्ज बनाएको छ ।

यस्तै उपमहासचिव जनार्दन शर्मालाई बागमती प्रदेश इञ्चार्जको जिम्मेवारी दिइएको छ । सचिव लीलामणि पोखरेललाई मधेस प्रदेश इञ्चार्ज र सचिव देवेन्द्र पौडेल गण्डकी प्रदेश इञ्चार्जको जिम्मेवारी दिइएको छ । यसैगरी चक्रपाणि खनाललाई कोशी प्रदेश इञ्चार्ज, हितमान शाक्यलाई लुम्बिनी प्रदेश इञ्चार्ज, मात्रिका यादवलाई कर्णाली प्रदेश इञ्चार्ज र डिलाराम आचार्यलाई सुदूरपश्चिम प्रदेश इञ्चार्जको जिम्मेवारी दिइएको छ । नेता गिरिराजमणि पोखरेललाई उपत्यका सम्पर्क समन्वय प्रदेश इञ्चार्जको जिम्मेवारी दिइँदा नेता राम कार्कीलाई प्रवास प्रदेशको इञ्चार्जको जिम्मेवारी दिइएको छ ।

त्यस्तै समाजवादी मोर्चा र पार्टी एकता संयोजनको जिम्मेवारी उपाध्यक्ष कृष्णबहादुर महरालाई दिइएको छ । जनसंगठन समन्वयको जिम्मा उपाध्यक्ष पम्फा भुसालले पाउँदा प्रचार विभागको इञ्चार्जको जिम्मेवारी अग्निप्रसाद सापकोटालाई दिइएको छ । विज्ञान-प्रविधि विभागको इञ्चार्जको जिम्मेवारीमा गणेश साह छन् । बुद्धिजीवी, प्राध्यापक, मानवअधिकार, शिक्षक, तथा कानुन व्यवसायी संगठनको समन्वयको जिम्मेवारी दिननाथ शर्माले पाएका छन् ।

यसैगरी जनवर्गीय संगठनका सबै फचार्क्सन इञ्चार्ज पनि परिवर्तन गरिएको छ । त्यस्तै पार्टीको स्थायी समिति र केन्द्रीय सदस्यहरूको समेत जिम्मेवारी तोकिएको बताइएको छ ।

# न्यायाधीश श्रेष्ठले सम्हाले सर्वोच्चको नेतृत्व

काठमाडौं (प्रस)- न्यायपालिकाको नेतृत्व आइतबारदेखि न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले सम्हालेका छन्। उनले कायममुकायम प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हालेका हुन् । श्रेष्ठ सर्वोच्च अदालतमा वरिष्ठतम् न्यायाधीशको रूपमा कार्यरत थिए । प्रधानन्यायाधीश हरिकृष्ण कार्की यही साउन २० गतेदेखि सेवा निवृत्त भएपछि उनले नेतृत्व सम्हालेका हुन् ।

पदबहालीका क्रममा कामु प्रधानन्यायाधीश श्रेष्ठले संविधान र कानुनका आधारमा सेवाग्राहीको हितलाई हेरेर चुस्तदुरुस्त तरिकाले काम गर्न निर्देशन दिए । उनले सेवाग्राहीले महसुस हुने गरी छिटो मुद्दा फर्स्योट गर्न आगामी दिनमा चाल्ने कदमका बारेमा न्यायाधीशहरूसँग छलफल गरेर तत्कालीन र दीर्घकालीन गर्न कामहरू तय गर्ने बताए ।

कामु प्रधानन्यायाधीश श्रेष्ठले न्यायापालिकाको सुधारका लागि सिंगो समूह नै लाग्नुपर्ने र त्यसका लागि सबै न्यायाधीशहरू र प्रशासनले सहयोग गर्न आग्रह गरे । संवैधानिक परिषद्को बैठकले नेपालको ३१औं प्रधानन्यायाधीशमा नियुक्तिका लागि श्रेष्ठलाई नै सिफारिस भइसकेको छ ।

संसदीय सुनुवाइ समितिले श्रेष्ठको नाम अनुमोदन गरेपछि राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । सुनुवाइदेखि नियुक्तिसम्मको प्रक्रियामा केही समय लाग्ने देखिएको छ । श्रेष्ठको कार्यकाल आगामी वर्ष २०८१ असोजसम्म हुनेछ । न्याय सेवाको अधिकृत हुँदै जिल्ला न्यायाधीश, उच्च अदालतको न्यायाधीशबाट सर्वोच्चको न्यायाधीश भएका कार्यकालमा अदालतमा रोकिएका कामहरू प्रारम्भ हुने विश्वास व्यक्त गरिएको छ ।


## माईग्रेसन हराएको सूचना

मिति २०८०/०३/०२ गते जमलबाट त्रि-चन्द्र क्याम्पससम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : सुवास फुँयाल
रजिस्ट्रेसन.नं.: ६९७६७२६७५
सिम्बोल.नं.: २७६११४३१
ठेगाना.: मुलपानी ९, काठमाडौं
सम्पर्क: ९८५११३९०६६

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Mobhira Overseas Service Pvt. Ltd.** (ई.नं. 083/053/054) श्री राजु ज्ञवाली (नागरिता नम्बर २९४८५) काम गर्दै आउनु भएको र उहाँ बिना जानकारी कार्यलयमा अनुउपस्थित रहि कार्यलयको कार्यलाई बाधा अर्चन आउन र हुन गएको समस्याका कारण उहाँलाई पटक-पटक ताकेता गर्दानी सम्पर्कमा नआएको हुनाले आज मिति २०८० साल साउन २१ गतेबाट यस कार्यलयबाट हटाइएको जानकारी गराउँदछु । साथै यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्राति मा सम्पर्क गर्न आउनुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

यामबालिङ्ग हाइड्रोपावर लिमिटेड
ललितपुर म.न.पा. १०, ललितपुर

## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८०/०४/२२**

यस कम्पनीको संचालक समितिको मिति २०८० श्रावण २१ गतेको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तेश्रो वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
मिति :- २०८० भाद्र १३ गते बुधवार (तदनुसार ३० अगष्ट, २०२३)
समय :- विहान ८:३० वजे
स्थान :- होटल हार्दिक, वागबजार, काठमाडौं ।

**तेश्रो वार्षिक साधारण सभाका प्रस्तावहरुः**
१.सामान्य प्रस्तावहरु
क) कम्पनीको तर्फबाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि निर्णय गर्ने ।
ख) कम्पनीको आ.व.२०७९/८० को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी निर्णय गर्ने ।
ग) कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धी ।
ङ) संचालक समितिको मिति २०८० श्रावण २१ गतेको IPO बाट प्रप्त रकम उपयोग सम्बन्धी निर्णय अनुमोदन गर्ने ।
च) संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी ।
छ) कम्पनीको नियमावली बमोजिम संस्थापक समूहवाट ४ जना र स्वतन्त्र समूहबाट १ जना संचालकको निर्वाचन सम्वन्धी ।
२. विशेष प्रस्ताव
क) कम्पनीको ऐन २०६३ को दफा १०५ (ख) बमोजिम ऋण लिने सम्वन्धमा संचालक समितिले मिति २०७८।१०।१० गते र मिति २०८०।०३।१४ गते गरेको निर्णय अनुमोदन सम्बन्धी ।
३. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLASSIC BEAUTY SALON FOR LADIES CO.

पूर्व स्वीकृति मिति : २०७९/०७/०१ | पूर्व स्वीकृति मिति : २०८०/०४/२१ | LT. No. 275842 | चलानी नं.६०१९१४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ६४,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## We are Hiring (Urgent)
## Thai Master Chef !!!

**Dusit Princess Kathmandu** is owned by **Hotel Lhasa International Pvt. Ltd** and managed by Dusit International, Thailand is committed to delivering exceptional moments whether you're staying with us or working with us. Join our dynamic team and discover enriching opportunities and a world of possibilities.

**Job Objective**
- At least 2 years of Master Sous Chef experience in a 5-star hotel
- Have a strong working knowledge in Thai cuisine
- Proven track record of cost control including food, equipment, labor and waste to meet the food quality goals and the hotel's financial goals.
- Demonstrates real passion for menu planning and leadership, dedicated, creative, and determined to succeed

Interested and qualified candidates can send an updated resume with passport sized photograph to Human Resources Department at dusit.kathmandu@gmail.com latest by 09th August 2023.

*Preference to be given to the Nepalese citizen.* ***Female candidates are encouraged to apply.***

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF AWTAD FOUNDATION FOR GENERAL CAONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/०२/१७ | पूर्व स्वीकृति मिति : २०८०/०४/२१ | LT. No. 287009 | चलानी नं. ६०२०२४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1200 | ४२,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०४/२२ गते)

हस्त बहादुर श्रेष्ठको नातिनी बल बहादुर श्रेष्ठको छोरी विष्णु चन्द्र श्रेष्ठको पत्नी काभ्रे जिल्ला, पुरानागाउँ गा.वि.स, वडा न १ (हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा न २३) बस्ने एत माया श्रेष्ठ (ना.प्र.नं ३०१७८६/०४६, जारी मिती २०४६/०२/३२, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक) को मिति २०८०/०३/२० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको ठिमी शाखामा रहेको एत माया श्रेष्ठको खाता नं. ०९२०००००८५५०८ (१८१०२२२१२८८०००१) मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको दोश्रो छोराले यस बैंकको ठिमी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय ठिमीमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय ठिमी, भक्तपुर फोन नं.०१- ६६३४०९८/८३२

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | पूर्व स्वीकृति मिति २०८०/०४/२१ | LT. No. 277497 | चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 39 | 0 | 1500 | ४३३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## नियुक्तिमा नांगिएको दाहाल सरकार

ललिता निवास प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण छानविनले प्रशंसा पाएको सरकार ल्हारक्याल लामालाई लुम्बिनी विकास कोषको उपाध्यक्षमा नियुक्त गरेसँगै आलोचित बनेको छ। ल्हारक्यालको छवि यस्तो छ कि उनी अकुत सम्पत्ति कमाउँछन्। यही आरोपमा उनको बैंकको लकर जाँच गर्दा बन्दुकका गोली भेटिएका थिए। पद पाउन जे पनि गर्न पछि नपर्ने ल्हारक्याल माओवादीका केन्द्रीय सदस्य हुन्। उनलाई यसअघि माओवादीले समानुपातिक सभासद बनाएको थियो।

त्यसअघि ल्हारक्याल एमालेमा थिए। झलनाथ खनाल प्रधानमन्त्री रहेका बेला ल्हारक्याललाई अर्थ राज्यमन्त्री बनाएका थिए। यद्यपि उक्त नियुक्ति विवादमा तानियो। केही दिनमै उनले पदबाट राजीनामा दिनुपर्‍यो। जति विवादमा तानिए पनि पदका लागि मरिहत्ते गर्ने ल्हारक्याल अचम्मैका व्यक्ति हुन्। ल्हारक्यालले त्यसअघि नेपाली कांग्रेसबाट गुम्बा विकास समितिको अध्यक्ष पद पाएका थिए। गिरिजाप्रसाद कोइरालाको पालामा २०५७ बाट समितिमा अध्यक्ष बनेका उनले यहाँ सात वर्षसम्म राज गरे। यतिमात्र हैन २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रलाई अभिषेक आशीर्वाद नै दिएपछि उनको चर्चा चुलियो।

यसरी पद पाउनका लागि जे सुकै गर्न सक्ने ल्हारक्यालबाट ठगी काण्डका व्यक्तिहरूलाई समेत संरक्षण रहँदै आएको छ। सिन्धुपाल्चोकको हेलम्बु क्षेत्रमा धेरैलाई जग्गा मिलाइदिने भन्दै नक्कली लालपुर्जा बाँड्ने एमालेकै जिल्ला नेतालाई ल्हारक्यालले मन्त्री हुँदा स्वकीय सचिव बनाउन लागेका थिए। यस्तै विवादित व्यक्ति शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमि लुम्बिनी क्षेत्रको विकासमा रेखदेख गर्ने कोषको उपाध्यक्ष बनाउनु गम्भीर विषय हो। ल्हारक्याल पैसाको खोलो बगाउन सक्ने व्यक्तिका रूपमा आरोपित छन्। भ्रष्टाचारको फाइल खोलेर चर्चा कमाइरहेको बेला अर्को भ्रष्ट आरोपीलाई लुम्बिनीको जिम्मा लगाउनु माओवादी नेतृत्वको गठबन्धन सरकारका लागि नसुहाउने काम हो। दोहोरो नागरिकतामासमेत मुछिएका लामालाई मन्त्रिपरिषद्ले नियुक्ति दिए पनि सरकारका जिम्मेवार व्यक्तिहरूले यो निर्णय लुकाएर राखेका थिए। केही दिनपछिमात्र यो निर्णय बाहिर आएको हो। सुशासनका गफ दिने प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारको चरित्र यही कदमबाट नांगिएको छ।

'साधुलाई सुली, चोरलाई चौतारो' चलिआएको उखान हो। ल्हारक्याललाई लुम्बिनी विकास कोषको जिम्मा लगाएपछि 'जुन जोगी आए पनि कानै चिरेका' उखान पनि चरितार्थ भएको छ। जति नै सुशासनका गफ दिए पनि योग्य व्यक्ति छाडेर जसले पोस्न सक्छ उसैलाई अघि सार्ने नीति अहिलेको सरकारको पनि भएको छर्लंग भएको छ। यस्ता विवादित विषयबाट पार लगाउने हो भने सरकारले यो निर्णय तुरुन्तै फिर्ता लिनुपर्छ।

# जनताका पीडामा मौनता



सनत गिरी

कैयौं जनता बिहान खाए बेलुका के खाउँको अवस्थामा छन्। मूल्यवृद्धि आकसिएको छ। महँगीले जनताले के खाद्यन्न, के लत्ता कपडा, के टेलिभिजन, के रेडियो, के कम्प्युटर किन्नै नसक्ने अवस्था छ। महँगी दिनदिनै बढ्दै छ। अनुगमन गर्नुपर्ने सरकारी निकाय मूकदर्शक छन्। महँगीकै कारण कैयौं जनता भोकै बस्नुपर्ने अवस्था छ। यो यथार्थलाई प्रधानमन्त्री, मन्त्री, सांसद, कर्मचारी सबैले देखेकै कुरा हो। प्रधानमन्त्री, मन्त्री, सांसद, कर्मचारीले त राज्य कोषबाट तलब भत्ता पाउँछन् तर दैनिक, मजदुरी गरेर विहान बेलुकाको छाक टार्नपर्ने जनताले कसरी छाक टार्छन् ? यो विषय पनि जोडदाररूपमा संसद्मा किन उठ्दैन ?

यतिबेला देशको राजनीतिमा विभिन्न खाले अस्थिरता देखिन्छ। कहिले कुन बहानामा, कहिले कुन बहानामा जनताको चासोको विषयमाथि छलफल गर्नुपर्ने, विभिन्न नीति नियम बनाउनुपर्ने, राज्यको जल्दोबल्दो विषयमाथि छलफल गर्नुपर्ने थलो संसद् पनि अवरुद्ध हुँदै आएको छ। प्रमुख प्रतिपक्षी दल नेकपा एमाले पनि आफ्नो रिस पोख्ने थलो सदनलाई बनाइरहेको देखिन्छ। त्यसो त सरकारको तर्फबाट सदनमा पेस गर्नैपर्ने, सांसदहरूलाई जानकारी दिनैपर्ने विषयमा पनि सदनमा पेस गर्न चुकेको देखिन्छ।

हुन त राज्यका हरेक तहका विषय सदनमै छलफल गरी निर्णयमा पुग्नुपर्ने हो। तर, दलहरूले संसद्लाई किन सस्तो बनाइरहेका छन् ? जनप्रतिनिधिले के गर्छन्, कस्तो बोल्छन्, आफ्ना दुःख सुखका कुरा कसरी व्यक्त गर्छन् भनेर हेरिरहेका छन् जनता। तर, आफ्ना सांसदले आफ्ना पीडा नबोकेका देखेर जनता हैरान भइसकेका छन्। दिनानुदिन विभिन्न बहानामा जनता कुटिँदै छन्, लुटिँदै छन्, त्यो कुरा संसद्मा उठ्दैन। जनताको दुःख बुझ्दाबुझ्दै, समस्यामा परेको थाहा हुँदाहुँदै, सांसद किन चुपचाप रहेका छन् ?

त्यसो त सांसदले सांसद विकास कोषमार्फत पनि करोडौं रूपैयाँ खर्च गर्न पाउँछन्। यो बजेट सांसदले आफ्ना कार्यकर्ता, शुभचिन्तक, चिनेजानेकामार्फत मात्र खर्च गर्छन् कि विकास निर्माण गर्नैपर्ने ठाउँमा खर्च गर्छन् ? यसअघि त सांसदहरूले यो बजेट दुरूपयोग गरेका घटनाहरू प्रशस्त थिए। अब भने सांसदहरू सच्चिने बेला आएको छ। यदि सांसदहरूले सांसद विकास कोषको रकम दुरूपयोग गरेनन् भने यो कोषको निरन्तरताको विरुद्धमा कतै आवाज उठ्ने थिएन, उठ्ने छैन।

सांसद जित्न सजिलो छैन। त्यसैले कहिलेकाहीँ जित्नैपर्ने व्यक्तित्व, समाजसेवी, देशभक्त, विकासप्रेमी, जनप्रिय नेताहरू पनि चुनाव हार्ने गरेका छन्। चुनावमा जसले तामझाम गर्छ, पैसा खर्च गर्न सक्छ, यस्ताले पनि सानदाररूपमा हजारौं मतको फरकले चुनाव जितिरहेका छन्। यो कुरा भन्नैपर्छ राजनीतिक दलले गर्ने टिकट वितरणमासमेत पैसाको चलखेल हुने गरेको देखिन्छ।

यसै मेसोमा भन्नुपर्दा मिटरब्याजीलाई कारबाही गर्न नयाँ कानुन ल्याउन संसद्बाट विधेयक पास गर्न पनि निकै विलम्ब गरियो। बल्लतल्ल पास भयो। अब यो संशोधित कानुन कार्यान्वयन गर्न सरकार कसरी प्रस्तुत हुन्छ यो समयले देखाउला। त्यसो त मिटरब्याजीबाट सयको हजार, हजारको लाख, लाखको करोडौं तिर्न जनता विवस बनिरहेको सार्वजनिक भइसकेको छ। मिटरब्याजीबाट हजारौं जनता पीडित छन्। साहुकारलाई तिर्नै नपर्ने ऋण तिर्नु परेर हजारौं जनता रोइरहेका छन्। आफ्नो घरवासको उठीवास भएर छट्पटाइरहेको अवस्था छ। अब मिटरब्याजीलाई सात वर्षसम्म जेल हाल्न सक्नेसम्मको कानुन त आयो तर कार्यान्वयन हुन्छ, हुन्न यो हेर्नैपर्ने भएको छ। जनताको सेवक भनेर आएका जनप्रतिनिधिले यो कानुन कार्यान्वयन गर्न सरकारलाई खबरदारी गर्छन् कि गर्दैनन्, यो समयले देखाउला।

यतिबेला सय क्विन्टल सुन प्रकरणले देशै तरंगित बनाएको छ। सुनकाण्डमा संलग्न भनिएको डेढ दर्जन जति पक्राउ परे पनि सुन कसले ल्यायो त्यो अहिलेसम्म अत्तोपत्तो छैन। यसअघि पनि सुनकाण्डमा चर्चामा आउने गरेका दीपक मल्होत्राले पत्रकार सम्मेलन नै गरेर मैले सुन ल्याएको होइन भनेर दाबी गरिसकेका छन्। तर, यत्रो अर्बौंको सुन नेपालमा कसले ल्यायो त ? यो प्रकरणमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले उच्चस्तरीय छानविन समिति गठनको माग गरिरहेको छ। सरकार नसुनेझैं गरिरहेको छ। हुन त विगतमा पनि यस्तै प्रकृतिको सुन काण्ड हुँदा संसदीय छानविन समिति त बनेकै थियो तर समितिको दोषी औंल्याएका माथि कारबाही भएन। समितिको प्रतिवेदन रद्दीको टोकरीमा फालेको हामीले देखे भोगेकै हौं। त्यसैले अहिलेको सुनकाण्ड पनि त्यसै सामसुम हुनसक्ने देखिन्छ। जनप्रतिनिधि (सांसद)हरूले यो काण्डलाई कसरी लिन्छन् र त्यसमा पनि यो प्रकरण कुन बिन्दुमा पुगेको टुंगिएला ? यो झन् समस्याको विषय हो।

हुन त नक्कली भुटानी शरणार्थी प्रकरण र ललिता निवास प्रकरणले देश नै तरंगित भइरहेको छ। यी दुवै काण्डमा ठूला दलका नेताको संलग्नता देखिन्छ। तर, पहिला ओम्नी प्रिन्टिङ प्रेस काण्डलगायत जस्तो यो प्रकरण पनि कतै सामसुम त हुने होइन ? नक्कली भुटानी शरणार्थी प्रकरणलाई त्यसै निर्णयमा नपुर्‍याई छोड्नु हुँदैन, नेपाली जनतालाई भुटानी भनेर विदेश पठाउन खोज्नु जनघात हो, राष्ट्रघात हो, राष्ट्रकै अपमान हो। यस प्रकरणमा जोसुकै संलग्न भएको भए पनि देशकै बेइज्जत गर्नेलाई छाड्नुहुन्न। यो प्रकरणको निर्णयले भविष्यमा पनि नजिर बसोस्।

त्यसो त ललिता निवास प्रकरणमा पनि जालझेल भएको देखिन्छ। यो प्रकरणमा सयौं संलग्न देखिन्छन्। सयौंमाथि छानविन गर्नुपर्ने देखिन्छ। यो ललिता निवास प्रकरणलाई राम्रोसँग छानविन गरेर दोषीमाथि कारबाही गरियो भने भविष्यमा यस्ता अपराध गर्न र जग्गा बुझेरमात्र किन्न सबैलाई सजग बनाउनेछ। नक्कली भुटानी शरणार्थी, ललिता निवास प्रकरणमा पनि साना माछालाई समाएर ठूला माछालाई उन्मुक्ति दिनु हुँदैन। यसमा पनि सांसदहरू गम्भीर हुनुपर्ने बेला आएको छ। यी प्रकरणलाई टुंगोमा नपुर्‍याउँदासम्म सांसदहरू संसद्मा बोलिरहनुपर्छ, संसद्मा छलफल भइरहनुपर्छ। संसदीय छानविन समितिमार्फत छानविन पनि गर्नुपर्छ।

त्यसो त कैयौं जनता बिहान खाए बेलुका के खाउँको अवस्थामा छन्। मूल्यवृद्धि आकसिएको छ। महँगीले जनताले के खाद्यन्न, के लत्ता कपडा, के टेलिभिजन, के रेडियो, के कम्प्युटर किन्नै नसक्ने अवस्था छ। महँगी दिनदिनै बढ्दै छ। अनुगमन गर्नुपर्ने सरकारी निकाय मूकदर्शक छन्। महँगीकै कारण कैयौं जनता भोकै बस्नुपर्ने अवस्था छ। यो यथार्थलाई प्रधानमन्त्री, मन्त्री, सांसद, कर्मचारी सबैले देखेकै कुरा हो। प्रधानमन्त्री, मन्त्री, सांसद, कर्मचारीले त राज्य कोषबाट तलब भत्ता पाउँछन् तर दैनिक, मजदुरी गरेर विहान बेलुकाको छाक टार्नपर्ने जनताले कसरी छाक टार्छन् ? यो विषय पनि जोडदाररूपमा संसद्मा किन उठ्दैन ? अरु त अरु असली जनताको पार्टी भन्ने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता पार्टी किन संसद्मा बोल्दैनन् ? किन सरकारलाई सदन र सडकमासमेत खबरदारी गर्दैनन् ? यो कुरा यी पार्टीले नसुनेको, नदेखेको पक्कै होइन होला। होइन भने गरिब जनता यस्तो मारमा पर्दा राजेन्द्र लिङ्देन, रवि लामिछानेहरू किने मौन छन् ? यो विषयलाई संसद्हरूले संसद्मा किन उठाउँदैनन्। गरिब जनता महँगीको मारमा परिरहेको अवस्थामा जनताले के नुन, के तेल, के प्याज, के चामल, के मासु, सबै थोक किन्न नसक्ने अवस्थामा महँगी नियन्त्रण गर्न सरकारलाई सांसदहरू किन घचघच्याउदैनन् ?

सरकारी सेवा सुविधा पाउने मन्त्री, सचिव कर्मचारीलाई सबै थोक किन्न सहज होला तर दैनिक मजदुरी गरेर खानेहरूका लागि अहिलेको महँगी असहज छ।

त्यसो त नेपालको राजनीति अस्थिर बन्दै आएको छ। सत्ताकै खेलले कोशी प्रदेशमा कस्तो राजनीति भइरहेछ, त्यसलाई हेरे पुग्छ। मुख्यमन्त्री लिन सभामुखलाई समेत यो प्रदेशमा राजीनामा गराइयो, मन्त्री बनाइयो। राजनीतिक दलका नेताहरू कुनै पनि किसिमले सत्ता छोड्नै चाहदैनन् भन्ने कोशी प्रदेशको राजनीतिलाई हेर्दा पुष्टि हुन्छ।

यसै मेसोमा भन्नुपर्दा केन्द्रमा पनि शान्तिपूर्ण, सहज, आरामदायी राजनीति भने छैन। सुरुमा एमालेले प्रधानमन्त्री बनाएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल अहिले कांग्रेसको प्रमुख सहयोगमा अघि बढिरहेका छन्। यदि कांग्रेसले साथ छोडयो भने दाहाल सरकार कुनै पनि बेला ढल्नसक्ने अवस्था छ। वर्तमान सत्ता गठबन्धनलाई लिएर कांग्रेसमा पनि एक मत देखिँदैन। वर्तमान सत्ता गठबन्धनलाई नरुचाउने कांग्रेसमा पनि धेरै नै देखिन्छन्। एमाले अध्यक्ष केपी ओलीलाई रिझाउन नसकेका कारण दाहाल कांग्रेससँग मिल्न आउनुपर्ने अवस्था आयो। त्यसो त प्रधानमन्त्री दाहाल कांग्रेससँगको गठबन्धनमा पाँचै वर्ष टिक्ने हुन् वा साढे दुई वर्षपछि दाहालले कांग्रेस सभापति शेरबहादुर देउवालाई सरकार छोड्नुपर्ने हो, यो अहिलेसम्म गर्भमै रहेको देखिन्छ। दाहाल र देउवाबीच यस विषयमा भद्र सहमति भएको त भनिन्छ तर कस्तो सहमति भएको हो, यस विषयमा दाहाल र देउवाले पनि बोल्न रुचाएका छैनन्।

### मननयोग्य

## चाणक्य नीति

पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो। शकटारसँग भने- तात। कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैं गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु।

शकटारले जवाफ दिए- 'पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ। तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ।' यति भनी शकटार दरवारतिर हिंडे।

विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै।

कुटीदेखि टाढा रथ रोकिएको आवाजले विचारधारा भंग भयो। शकटार आइरहेका रहेछन्, चोणक्य उनको प्रतीक्षामा थिए। शकटारलाई प्रणाम गरी रथमा चढेर उनकै साथ राजभवनतिर प्रस्थान गरे।

मगधको राजपथ सफा पीडा दुवैतिर ठूलाठूला वृक्ष छाया दिएका निकै अगाडि पुगेपछि उनीहरू सहरी क्षेत्रमा प्रवेश गरे ठूलाठूला बाटा, रामा बादली र बज्रले निर्मित भवन, बाटामा नानारंगका वस्त्र लगाएका नागरिकले मगधको भव्यतालाई प्रदर्शन गरिरहेका थिए। बिहानी समय हुँदा मन्दिरमा घण्टको मीठो ध्वनि, बेदमन्त्रका उच्चारणको स्वर सुनिन्थ्यो। सूर्य पनि आफ्नो ताम्रवर्ण छाडेर पूर्ण तेजिलो रूपमा आइसकेका थिए।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए। १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियो. भन्ने पतै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए।

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो। राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा। व्यवस्थित ठाउँमा बगैंचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो। राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए। रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे। पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले। शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे। क्रमशः

पत्र–मञ्जुषा

## यातायात क्षेत्रमा व्यवसायीको रजाइँ, सरकार निरीह !

नेपाल सरकारले २०५० सालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र सञ्चालन हुने ट्याक्सीको दर्ता बन्द गर्‍यो। दर्ता बन्द गर्ने बेलामा २०७ वटा हरियो प्लेटको ट्याक्सी एयरपोर्टमा सञ्चालनमा थियो। कालो प्लेटमा दर्ता भएको मिटरजडित ट्याक्सीको दर्ता २०५७ जेठ १७ गते बन्द गरियो। यो काठमाडौं उपत्यकाको हकमा हो। उपत्यकाबाहिरका जिल्लामा ट्याक्सी नै छैन।

विगत सात-आठ दशकदेखि दर्ता बन्द छ। ट्याक्सीको दर्ता बन्द हुने बेलामा सात हजार ५०० ट्याक्सी थियो। त्योमध्ये पाँच हजार ६५० पेट्रोलबाट गुड्थ्यो, बाँकी एक हजार ८५० डिजेलबाट। डिजेलबाट चल्ने ट्याक्सी एक-डेढ वर्ष चल्यो। त्यसपछि त्यो ट्याक्सी थन्कियो, विस्थापन भयो। २०५७ साल पछाडि उपत्यकाको जनसंख्या ह्वात्तै बढयो। मुलुकभरको आधा जनसंख्या त काठमाडौं नै बस्छन्।

विदेशीहरू घुमघाम गर्न आउँछन्। तर, यी सबै विषयलाई मध्यनजर गर्ने हो भने उपत्यकामा यातायात एकदमै अपुग छ। बजारमा जति पनि ट्याक्सी छन्, ती मारुती ७९६ सिसीका हुन्। जुन सलाइको बट्टाजस्तो देखिन्छ। २०६९ माघ महिनामा यातायात व्यवस्था कार्यालय, एकान्तकुनाले यातायात मन्त्रालय र यातायात व्यवस्था विभागसँग पाँच हजार नयाँ ट्याक्सी माग गरेको थियो।

त्यस्तै, हरेक वर्ष ट्याक्सीको नयाँ दर्ता खोल्नुपर्ने कार्यालयको भनाइ थियो। उपत्यकामा सञ्चालित ट्याक्सीले यात्रुलाई राम्रो सेवासुविधा नदिएको र ट्याक्सी पनि अपुग भएकाले तत्काल दर्ता खोल्नुपर्ने आवश्यकता देखिएको भन्दै कार्यालयले यातायात मन्त्रालय र विभागमा पत्र पठाएको थियो। त्यतिबेला बाबुराम भट्टराईको सरकार थियो। उनको सरकार ढलेपछि तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीले चुनाव गराए।

यता, यातायात कार्यालयले पठाएको पत्र थन्कियो। २०७१ साउन १९ गतेको मन्त्रिपरिषद्को बैठकले देशैभरि नयाँ ट्याक्सीको दर्ता खोल्नका लागि यातायात मन्त्रालयका सचिव र विभागको नेतृत्वमा एउटा कमिटी गठन गर्‍यो। सुशील कोइराला नेतृत्वको सरकारले यातायात क्षेत्रमा भएको सिण्डिकेट हटाउने र मुलुकभर नयाँ ट्याक्सीको दर्ता खोलिदिने निर्णय गरेको थियो।

कमिटीलाई एक महिनाभित्र सबै अध्ययन गरेर प्रतिवेदन बुझाउन भनिएको थियो। कमिटीले एक महिनाभित्रै प्रतिवेदन बुझायो। प्रतिवेदनमा भनिएको छ, 'देशैभरि नयाँ ट्याक्सीको दर्ता खोल्नुपर्छ। यातायात क्षेत्रमा भएको सिण्डिकेट हटाउनुपर्छ। ट्याक्सी नपाउँदा यात्रुले सास्ती खेप्नुपरेकाले तत्काल ट्याक्सीको दर्ता खोल्न आवश्यक छ। हरियो र कालो प्लेटको लक्जरियर्स ट्याक्सी ल्याउनुपर्छ।'

त्यस्तै, ट्याक्सीको नयाँ दर्ता नखोल्दा आमसर्वसाधारण रोजगार बन्नबाटसमेत वञ्चित भएको प्रतिवेदनमा उल्लेख छ। यता, स्वदेशी वा विदेशीले महँगो भाडा तिरेर पनि राम्रो सेवासुविधा नपाएको र पुराना ट्याक्सीले धेरै प्रदूषण र दुर्घटना गराएकोलगायतका कुरा प्रतिवेदनमा समेटिएको छ। तर, यातायात व्यवसायीहरूले त्यो प्रतिवेदन कार्यान्वयनमा आउन दिएनन्।

यातायातमन्त्री विमलेन्द्र निधिलाई दबाब दिएर यातायात व्यवसायीले आफ्नो हकमा फैसला गराएरै छाडे। नयाँ ट्याक्सी खोल्दा यात्रुलाई दादागिरी देखाउन नपाइने, कमाइ घट्ने र ट्याक्सीको मूल्य पनि स्वतः ओरालो लाग्ने भएपछि व्यवसायीहरू बाठो बने। प्रतिवेदन कार्यान्वयनमा आउनबाट रोकेरै छाडे। एक महिना अध्ययन गरेर बनाएको प्रतिवेदन दराजमा थन्कियो।

२०७२ जेठ २८ गते सरकारले एक हजार ८५० ट्याक्सीको दर्ता खोल्ने निर्णय गर्‍यो। यातायातमन्त्री निधि आफैंले मन्त्रिस्तरीय निर्णय गरेका हुन्। त्यसको दुई महिनापछि अर्थात् साउन २० गते विभागले ट्याक्सी खरिदका लागि सूचना जारी गर्‍यो। १५ दिने अवधि दिइएको थियो। एक जनाले एक हजार १०० रूपैयाँ राजस्व तिर्नुपर्थ्यो। त्यति ट्याक्सी किन्नका लागि भदौ २ गतेसम्म १५ हजार ७५१ जनाले फाराम बुझाएका थिए।

तर, एक हजार ८५० ले गोलाप्रथाबाट ट्याक्सी पाए, अरु हेरेको हेर्‍यै। उनीहरूको दिनभरिको दुःख खेर गयो। घामपानी नभइकन दिनभरि लाइन बसेर फाराम बुझाएकाहरू व्यवसाय गर्नबाट वञ्चित भए।

यातायात व्यवसायीले वर्षौंदेखि बाटो कब्जा गरेका छन्। सिण्डिकेट लगाएर यात्रु ठग्दै आएका छन्। ट्याक्सी सीमित मात्र हुँदा यात्रुले चालकको दादागिरी सहनुपरेको छ। सरकार अझै पनि व्यवसायीको अगाडि निरीह छ। चर्को शुल्क तिरेर पनि राम्रो सेवासुविधा पाउन सकेका छैनन्, यात्रुले। व्यवसायीले भनेजति पैसा तिर्दा पनि गुणस्तरीय सेवासुविधा नपाउनु लाजमर्दो विषय हो। यातायात व्यवसायीलाई यात्रु लुट भन्ने फेरि सरकार नै हो।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# शोकमग्न बन्यो नेपालगञ्ज

**राँझा–** एकै परिवारका चारसहित छ जनाको ज्यान जाने गरी भारतमा भएको कार दुर्घटनाले नेपालगञ्जवासी शोकमग्न भएका छन् ।

शनिबारको बिदा मनाउन मामाघर भारतको बलरामपुर पुगेका नेपालगञ्जका दाजुबहिनी निलान्स र सुनिती घर फर्किन पाएनन् । शनिबार बिहान आमासँगै मामाघर गएका निलान्स र सुनितीको साँझ घर फर्किनेक्रममा भारतको श्रावस्ती जिल्लामा भएको सवारी दुर्घटनामा परी अल्पायुमै निधन भयो । आमा सीता गुप्ता माइतीमै रहेकाले सुरक्षित छिन् ।

उक्त कार दुर्घटनामा निलान्स र सुनितीसँगै बलरामपुर ससुरालीबाट श्रीमती र छोराछोरी लिएर नेपालगञ्ज घर फर्किंदै गरेका वैभव गुप्ताको परिवारका चारै जनाको दुःखद् निधन भएको छ । शनिबार साँझ भएको यो दुर्घटनाले नेपालगञ्जको त्रिभुवनचोक शोकमग्न हुन पुगेको छ ।

शनिबार बिहान निलान्स र सुनिती मामाघर घुम्न तथा वैभव माइतीमा रहेकी श्रीमती दीपिकालाई लिन बलरामपुर पुगेर फर्किने क्रममा दुर्घटना भएको थियो । नेपालगञ्जको त्रिभुवन चोकस्थित एसकुमार वाच कम्पनीका सञ्चालक निलान्स र सुनितीका पिता सन्तोष गुप्ताले दुई परिवारका छ जना एउटै गाडीमा शनिबार बिहान बलरामपुर पुगेर साँझ घर फर्किने गरी यात्रा गरेको जानकारी दिए ।

दुर्घटनाको खबरले नेपालगञ्जको त्रिभुवन चोक क्षेत्र शोकमा डुबेको छ । त्रिभुवन चोकका बासिन्दा मृत्युको खबर पाएदेखि रातभर सुतेनन् । गुप्ताको घरमा आफन्तजन र स्थानीयको भीड लागेको स्थानीय दिपानन्द गुप्ताले बताए ।

एकै परिवारका चारसहित छ जना गुमाउनु पर्दा आफन्तजन र स्थानीय छरछिमेकी शोकमग्न भएको नेपालगञ्ज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष एवं स्थानीय अगुवा नन्दलाल वैश्यले बताए । स्थानीय ब्राइटल्याण्ड कलेजमा बिबिएसमा अध्ययनरत सुनितीको निधनको खबरले कलेजका विद्यार्थी शोकमग्न भएका छन् । घटनाले स्तब्ध हुन पुगेका साथीहरू बिहानैदेखि सुनितीको घरमा जम्मा भएको सहपाठी आकृति रानाले बताइन् ।

भारतको बलरामपुरबाट नेपालगञ्ज आउँदै गरेको युपी ४७ डब्ल्यू १२१७ नम्बरको कार श्रावस्ती जिल्लाको इकौना नजिक सडकमा शनिबार राति गाईसँग ठोक्किँदा दुर्घटना भएको जानकारी आएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिए ।

दुर्घटनामा परी नेपालगञ्ज सदरलाइन निवासी औषधि व्यवसायी दिनेश गुप्ताका छोरा ३५ वर्षीय वैभव गुप्ता, वैभवकी श्रीमती ३२ वर्षीया दीपिका गुप्ता, तीन वर्षीय छोरा डल्लु र छ महिनाकी छोरी श्रीया तथा त्रिभुवन चोकस्थित एसकुमार वाच कम्पनीका सञ्चालक सन्तोष गुप्ताका छोरा २२ वर्षीय निलान्स र छोरी २० वर्षीय सुनितीको निधन भएको हो ।

दुर्घटनामा परी गम्भीर घाइते भएका गाडी चालक भारतीय नागरिक अजय मिश्रको उपचार भइरहेको छ । मृतकको भारतको बहराइचमा शव परीक्षण भएपछि शव नेपाल ल्याउनका लागि आवश्यक प्रक्रियाको तयारी भइरहेको प्रहरी उपरीक्षक राठौरले जानकारी दिए । *रासस*

# 'केन्द्रीकृत मानसिकता नहट्दा संघीयता कार्यान्वयनमा समस्या'

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघीयताको कार्यान्वयनमा केन्द्रीकृत मानसिकता नै प्रमुख समस्याका रूपमा देखिएको बताएका छन् ।

जिल्ला समन्वय समिति कास्कीले आइतबार पदस्थापना दिवसका सन्दर्भमा आयोजित 'जिल्ला समन्वय समितिको भूमिका' विषयक वैचारिक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उनले संविधानतः प्राप्त अधिकार उपयोग हुन नसक्दा समस्या बढेको बताए ।

संविधानले व्यवस्था गरेका अधिकार संघबाट बन्नुपर्ने सम्बन्धित ऐन नबनेका कारण उपयोग हुन नसकेको जनाउँदै उनले जसका कारण समन्वय समितिका साथै प्रदेश सरकारको औचित्य तथा भूमिकामाथि प्रश्न उठ्न थालेको बताए । जिल्ला समन्वय समितिको प्रमुख भूमिका समन्वय र अनुगमन भएको उल्लेख गर्दै उनले उक्त भूमिकालाई पूरा गर्न साधन स्रोत र अधिकार जरुरी रहेको उल्लेख गरे । गण्डकी प्रदेशमा ६२ कानुन बनिसकेका र ४० बन्न बाँकी रहेको उनले बताए ।

प्रदेशका पूर्वमुख्यमन्त्री एवं प्रतिपक्षी दलका नेता खगराज अधिकारीले जिल्ला समन्वय समितिको भूमिकालाई बलियो बनाउन कानुनी प्रबन्धलाई प्रभावकारी बनाउनुपर्ने बताए । साधनस्रोतको कमीका साथै आफ्नै साधनस्रोत बनिनसकेको अवस्था रहेको उनको भनाइ छ ।

समन्वय समितिको काम न्याय दिनु पनि भएको उल्लेख गर्दै उनले यो सकेसम्म विवादमा पर्नु नहुनेमा जोड दिए । जिल्ला समन्वय समितका प्रमुख लीलाधर पौडेलले जिल्ला समन्वय समितिको भूमिकालाई बलियो बनाउनका लागि अधिकारको सुनिश्चिततासँगै साधनस्रोतको व्यवस्थापन आवश्यक भएको बताए ।

जिल्ला समन्वय अधिकारी नवराज बरालले सरकारले जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार स्पष्ट हुनेगरी कार्यविधि नबनाइदिँदा समितिले प्रभावकारी रूपमा काम गर्न नसकेको बताए । जिल्ला सभाको कोष खडा हुन नसकेको, सीमित साधनस्रोत आदि समस्याका रूपमा रहेको उनले बताए । कार्यक्रममा गण्डकी प्रदेशअन्तर्गतका विभिन्न जिल्ला समन्वय समितिका प्रमुख तथा प्रतिनिधिले प्राप्त अधिकारको कार्यान्वयन, सीमित साधनस्रोत आदिका कारण भूमिका प्रभावकारी बनाउन नसकिएको धारणा राखेका थिए ।


## कर्मचारी नभएको जानकारी गराईन्छ

Kajol agrawal ले यस OM OVERSEAS EMPLOYMENT PVT.LTD को कर्मचारी भएकको भन्दै ठगी गरेको गुनासो आएकाले उक्त व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना नगर्नु हुन अपिल गर्दछौं । यसमा प्रा.लि. जिम्मेवारी हुनेवाला छैन ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Abdul Majeed Abdul Rahman Al Jeraisy Recruitment Company Branch

पूर्व स्वीकृति मिति २०७८/१२/२० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. 257820 चलानी नं. ६०१९२४२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NORMAL FACTOR (LABOR) | 14 | 0 | 1000 | ३५,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EFADAH RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति २०७८/८/९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. 250899 चलानी नं. ६०१९२४३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 4 | 0 | 1000 | ३५,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EFADAH RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति २०७८/८/९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. 250900 चलानी नं. ६०१९२४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 35 | 0 | 1000 | ३५,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २८ र २९ गते (13 & 14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

Free Visa Free Ticket

कम्पनी : JAGUH SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/२१ LT No. 290427 चलानी नं. ६०२०५६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 07 | 0 | 1500 | ४३,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० श्रावण २९ गते (14th. August 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचालमा सम्पर्क राख्नुहोला ।

**SHREESHA INTERNATIONAL PVT.LTD.**
Govt. License 1573/079/080
For Location
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KOUT BEACH HOTEL.

पूर्व स्वीकृति मिति : २०७८/०७/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. :250154 चलानी नं.६०१७२९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 3 | 0 | 120 | ५१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis Ii | 2 | 0 | 150 | ६४,१४० | | | | | | | |
| 3 | Demi Chef De Partie (Cook) | 2 | 0 | 190 | ८१,२४० | | | | | | | |
| 4 | Housekeeping Room Attendant | 3 | 2 | 110 | ४७,०३५ | | | | | | | |
| 5 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६४,१४० | | | | | | | |
| 6 | Kitchen Stewards | 5 | 0 | 120 | ५१,३१० | | | | | | | |
| 7 | Laundry Attendant | 4 | 0 | 120 | ५१,३१० | | | | | | | |
| 8 | Pastry Baker | 2 | 0 | 160 | ६८,४१५ | | | | | | | |
| 9 | Pastry Chef De Partie | 2 | 0 | 190 | ८१,२४० | | | | | | | |
| 10 | Tailor | 2 | 0 | 130 | ५५,५८५ | | | | | | | |
| 11 | Technician | 1 | 0 | 160 | ६८,४१५ | | | | | | | |
| 12 | Waiter | 5 | 5 | 120 | ५१,३१० | | | | | | | |

कम्पनी : AL JAHRA COPTHORNE HOTEL & RESORT

पूर्व स्वीकृति मिति :२०७८/११/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. 257621 चलानी नं.६०१६३८७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 3 | 2 | 200 | ८५,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bell Boy | 3 | 2 | 110 | ४७,०३५ | | | | | | | |
| 3 | Commis (Butchery) | 3 | 2 | 120 | ५१,३१० | | | | | | | |
| 4 | Commis (Cold Kitchen) | 3 | 2 | 120 | ५१,३१० | | | | | | | |
| 5 | Commis (Hot Kitchen) | 3 | 2 | 120 | ५१,३१० | | | | | | | |
| 6 | Commis (Pastry Kitchen) | 3 | 2 | 120 | ५१,३१० | | | | | | | |
| 7 | Driver Heavy | 2 | 0 | 180 | ७६,९६५ | | | | | | | |
| 8 | Driver Light | 2 | 0 | 150 | ६४,१४० | | | | | | | |
| 9 | F&b Executive | 1 | 1 | 180 | ७६,९६५ | | | | | | | |
| 10 | Hk Attendant | 10 | 10 | 120 | ५१,३१० | | | | | | | |
| 11 | Hvac Technician | 2 | 0 | 200 | ८५,४१५ | | | | | | | |
| 12 | Kitchen Equipment Technician | 2 | 0 | 200 | ८५,४१५ | | | | | | | |
| 13 | Laundry Attendant | 5 | 5 | 100 | ४२,७६० | | | | | | | |
| 14 | Laundry Equipment Specialist | 2 | 0 | 200 | ८५,४१५ | | | | | | | |
| 15 | Life Guard | 2 | 0 | 130 | ५५,५८५ | | | | | | | |
| 16 | Pastry / Bakery | 1 | 0 | 150 | ६४,४१० | | | | | | | |
| 17 | Plumber | 2 | 0 | 200 | ८५,४१५ | | | | | | | |
| 18 | Steward | 10 | 0 | 100 | ४२,७६० | | | | | | | |
| 19 | Waiter/waitress | 10 | 10 | 120 | ५१,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-DHOW FOR ENVIRONMENTAL PROJECTS COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. 283514 चलानी नं. ६०१९८९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 12 | 0 | 150 | ६४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 6 | 0 | 100 | ४३,१२५ | | | | | | | |
| 3 | Welder | 8 | 0 | 150 | ६४,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**
Govt. License 1370/74/75
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRANS GULF MAINTENANCE & TRADING BUILDING MATERIALS WLL

पूर्व स्वीकृति मिति २०८०/०४/२१ LT. No. :290265 चलानी नं. ६०२०५६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३६,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Technical General | 1 | 0 | 1200 | ४३,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: UNITED GENERAL SERVICES.

पूर्व स्वीकृति मिति २०७९/०७/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No.274708 चलानी नं. ६०१९०४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 90 | 10 | 85 | ३६,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. ४४८/०६०/०६१
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SERENA CLEANING HOSPITALITY & CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८०/०३/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. 288919 चलानी नं.६०२०४२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 1 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३६,०४० | | | | | | | |
| 4 | General Supervisor | 1 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 5 | Foreman | 5 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 6 | Mason | 10 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 8 | Representative | 4 | 0 | 2200 | ७९,२९५ | | | | | | | |
| 9 | Gen Clean Worker | 0 | 1 | 1100 | ३९,६४५ | | | | | | | |
| 10 | Gen Clean Worker | 16 | 0 | 1000 | ३६,०४० | | | | | | | |

कम्पनी : AL BARGHASH CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०३/३१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. 289429 चलानी नं. ६०२०४७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1000 | ३५,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

# प्रभाव दैनिक

रूपशाला




## मन्दिरका लागि योगेश्वरले दिए १०८ तोला सुन

गायक तथा संगीतकार योगेश्वर अमात्यले १ सय ८ तोला सुन दान गरेका छन् । ललितपुर बुङ्मतीको कार्यविनायक मन्दिरको सुनको छाना र गजुरका लागि उनले सहयोग गरेका हुन् । योगेश्वरले मन्दिरका लागि १ सय ८ तोला सुन दान गरेको मन्दिरका पुजारी संघका अध्यक्ष आशाकाजी तुलाधरले बताए । 'योगेश्वरले दिएको सहयोगबाट मन्दिरको छाना र गजुरमा सुनको जलप गरिएको छ' उनले भने । योगेश्वरले सिधै सुन भन्दा पनि १ सय ८ तोला सुन बराबरको रकम सहयोग गरेका हुन् । छान र गजुरका लागि काम भएको समयको बजार मूल्यअनुसार हेर्दा उनको सहयोग १ करोड २० लाख ६१ हजार ५ सय ७७ रूपैयाँ बराबर रहेको छ ।



# दुई वर्षको भुवन चैत्य बसुन्धरा पुरस्कार एकसाथ वितरण




■ प्रभाव संवाददाता

**काठमाडौं–** भुवन चैत्य बसुन्धरा फाउण्डेसनले वर्ष २०७८ र २०७९ सालको भुवन चैत्य वसुन्धरा पुरस्कार एकसाथ वितरण गरेको छ ।

आइतबार राजधानीमा आयोजित एक समारोहबीच सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पुरस्कार प्रदान गरिन् । कार्यक्रममा ०७८ सालको हरिश-भुवनचन्द पुरस्कार विशिष्ट चलचित्रकर्मी यादव खरेल र ०७९ सालको हरिश-भुवनचन्द पुरस्कार विशिष्ट चलचित्रकर्मी नीर शाहले प्राप्त गरे ।

यसैगरी विशिष्ट संगीतकर्मी गणेश रसिकलाई २०७८ र विशिष्ट चलचित्रकर्मी अभिनेता शिव श्रेष्ठलाई २०७९ सालको चैत्यदेवी पुरस्कार प्राप्त गर्दा विशिष्ट चलचित्रकर्मी अभिनेत्री मिथिला शर्मालाई २०७८ साल र विशिष्ट चलचत्रिकर्मी अभिनेत्री शर्मिला मल्ललाई २०७९ सालको चेतनारायण-वसुन्धरा भुसाल पुरस्कार दिइयो ।

कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, चलचित्र कलाकार संको अध्यक्ष मोहन निरौला, वरिष्ठ अभिनेत्री चैते देवीलगायका उपस्थिति कार्यक्रममा रहेको थियो ।

वि.सं २०७५ सालमा स्थापना भएको भुवन चैत्य वसुन्धरा फाउण्डेसनले नेपाली कला, संस्कृति, रंगमञ्च, गीतसंगीत र साहित्यका सर्जक, श्रष्टालाई उनीहरूको योगदानको आधारमा पुरस्कारबाट सम्मान गर्दै आएका छ । पुरस्कारको राशि जनही ५१०००/- (एकाउन्न हजार) रहेको छ ।

फाउण्डेसनको अध्यक्ष अभिनेत्री भुवन थापा चन्द रहेकी छन् ।

# 'तिम्रो साथमै जिउने चाहना' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** गम्भिर बिष्टको निर्देशनमा निर्माण भएको म्युजिक भिडियो 'तिम्रो साथमै जिउने चाहना' सार्वजनिक गरिएको छ । सार्वजनिक गीतकको भिडियोमा शिव आर ठकुरी र सेजल गौतम फिचर्ड छन् ।

शिव अहिले अष्ट्रेलिया बसेर सिनेमा निर्देशन पनि पढिरहेका छन् । उनले समय निकालेर म्युजिक भिडियो अभिनय पनि गरिरहेका हुन् । सार्वजनिक गीतमा उनको डान्स र सिक्स प्याक्ड शरिर तारिफ योग्य छ । सार्वजनिक भिडियो आर्ट मुभिज र मोडल सुधिर श्रेष्ठसँगको सहकार्यमा निर्माण भएको हो । भिडियोमा सुधिर पनि बिशेष भुमिकामा देखिएका छन् ।

आर्ट मुभिजको प्रस्तुनिमा निर्माण भएको म्युजिक भिडियोमा कोरियोग्राफी पनि स्वयंम निर्देशक बिष्टको नै रहेको छ । भिडियो उत्कृष्ट बनेकाले दर्शकले मन पराउने विश्वास ठकुरीलाई छ । अर्जुन पोखरेलको शब्द तथा संगीत रहेको सार्वजनिक गीतकको भिडियोमा सनिश श्रेष्ठ र ममता गुरुङको स्वर सुन्न सकिन्छ ।

सुधिर श्रेष्ठको युट्युव च्यानलबाट सार्वजनिक गरिएको भिडियोमा नवराज उप्रेतीको छायांकन, नविन निरौलाको सम्पादन, मिलन विश्वककर्माको कलर तथा शम्भु श्रेष्ठ प्रोडक्सन म्यानेजरको रूपमा आवद्ध छन् ।

# 'बिसे नगर्ची विशेषांक' स्मारिका सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले 'बिसे नगर्ची विशेषांक' स्मारिकाको विमोचन गरेका छन् । परियार समाजद्वारा यहाँ आइतबार आयोजित 'बिसे नगर्ची विशेषांक स्मारिकाको विमोचन' कार्यक्रममा मन्त्री किरातीले सो पुस्तक विमोचन गरेका हुन् ।

समाजले गोरखा नगरपालिकाको सहकार्यमा विसं २०७५ साउन १८ गते नगरपालिकाको ऐतिहासिकस्थल गोरखा दरबार समिपमा 'बिसे नगर्ची' को सालिक स्थापना भएको छैटौं वर्ष प्रवेशको स्मृति दिवसका अवसरमा बिसे नगर्ची तथा परियार जातिसम्बन्धी खोजमूलक 'बिसे नगर्ची विशेषांक' प्रकाशन गरिएको हो ।

पुस्तकमा परियार जातिको परिचय, परिचान र बिसे नगर्चीको योगदानको विर ासतलाई बचाउन परियार जातिका विविध पक्षको जानकारी र बिसे नगर्चीको इतिहास खोजबिन गरी समावेश गरिएको छ । गोरखाका बिसे नगर्चीले राजा पृथ्वीनारायण शाहलाई एकीकरणको अभियानमा आर्थिक सल्लाह दिई अहिलेको विशाल नेपाल निर्माणमा महत्वपूर्ण योगदान गरेको पुस्तकमा उल्लेख छ ।


सोही अवसरमा पर्यटनमन्त्री किरातीले बिसे नगर्चीको योगदान ओझेलमा परेको उल्लेख गर्दै सरकारले बिसे नगर्चीको नामबाट राष्ट्रिय पुरस्कार स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'नेपाली समाजको प्रागिक अध्ययन नभएका कारण पनि बिसे नगर्चीको योगदान ओझेलमा परेको छ, यसलाई सरकारले गम्भीरतापूर्वक लिएको छ ।'

नेपाली कांग्रेसका सहमहामन्त्री तथा सांसद जीवन परियारले नयाँपुस्ताले समाजको उत्थान र विकासका निम्ति केही गर्नसकेको खण्डमा वास्तवमा बिसे नगर्चीको सम्मान हुने बताए ।

समाजका उपाध्यक्ष कृष्ण रणपालले कृतिले परियार जाती र बिसे नगर्चीको चिनारीलाई सबैका बीचमा पुऱ्याउन सहयोग गर्ने विश्वास व्यक्त गरे । समाजले काठमाडौँस्थित चन्द्रागिरि नगरपालिकामा 'बिसे नगर्ची' को सालिक निर्माण गरेर योगदान गरेबापत जागरण मिडिया सेन्टरका सचिव दिनेश परियारलाई सम्मान गरेको थियो ।

## रंगशाला

# हिमालयन फुटसलको उपाधि क्रिजल फुटबल क्लबलाई




■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंमा सम्पन्न पहिलो हिमालयन फुटसल प्रतियोगिताको उपाधि क्रिजल फुटबल क्लबले जितेको छ । फाइनलमा टिकापुर ग्रिनसिटी फुटबल क्लबलाई ४-१ गोल अन्तरले पराजीत गर्दै क्रिजलले उपाधि जितेको हो ।

विजेता टोली क्रिजल एफसीले नगद १ लाख ११ हजार १ सय ११ रूपैयाँसँगै ट्रफी र मेडल हात पारेको छ । रनर अप बनेको टिकापुर ग्रिनसिटीले ५५ हजार ५ सय ५५ रूपैयाँसँगै रनरअप ट्रफी र मेडल प्राप्त गर्यो । प्रतियोगिताको उत्कृष्ट खेलाडी क्रिजल एफसीका विवश पण्डित घोषित भए उनि एक्लैले फाइनलमा उत्कृष्ट ४ गोल गर्न सफल भएका थिए ।

उत्कृष्ट गोलकिपरको पुरस्कार टिकापुरका सविन जोशीले प्राप्त गरेका छन् । दुबैले समान ५ हजार ५ सय ५५ रूपैयाँ हात पारे । प्रतियोगितामा ११ हजार १ सय ११ रूपैयाँको फेयर प्ले अवार्ड भाटभटेनी हेल्थ क्लबले प्राप्त गर्यो ।

प्रतियोगिताको समापन समारोहमा नेपाली फुटबल टिमका पूर्वकप्तान तथा राष्ट्रिय फुटसल टिमका पूर्व प्रशिक्षक राकेश श्रेष्ठले विजेतालाई ट्रफी प्रदान गरेका थिए । हिमालयन फुटबल क्लबको आयोजनामा पहिलोपटक भएको प्रतियोगिता दुई दिनसम्म चलेको थियो । प्रतियोगितामा देशभरबाट ३८ फुटसल टिमले सहभागिता जनाएका थिए ।

# महिला क्रिकेटरका लागि भारतीय प्रशिक्षक नियुक्त



**काठमाडौं (प्रस)–** आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटको तयारीमा रहेको नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीमा नेपाल क्रिकेट संघ (क्यान) ले भारतीय पूर्वमहिला क्रिकेटर देवीका पाल्शिकरलाई सल्लाहकार प्रशिक्षकमा नियुक्त गरेको छ ।

भारत र बंगलादेशको सहायक प्रशिक्षकका रूपमा काम गरिसकेकी उनलाई कन्सल्यान्ट प्रशिक्षकको रूपमा आज नियुक्त गरिएको क्यानले जनाएको छ । देविकाले गत सिजनको वुमन्स प्रिमियर लिगमा मुम्बई इन्डियन्स क्लबबाट ब्याटिङ प्रशिक्षकको भूमिका निर्वाह गरेकी थिइन् । देविका सन् २०१४ देखि २०१६ सम्म भारतको सहायक प्रशिक्षक थिइन् । उनी २०१८ मा बंगलादेशको सहायक प्रशिक्षक बनेकी थिइन् । मलेसियामा यही अगस्ट ३१ देखि सेप्टेम्बर ९ तारिखसम्म आयोजना हुने आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया छनोट प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । जस्मा नेपाल समूह 'ए' मा रहेको छ । नेपालको समूहमा आयोजक मलेसियासँगै बहराइन, भुटान संयुक्त अरब इमिरेट्स (युएई) र कतार रहेका छन् ।

त्यस्तै समूह 'बी' मा चीन, हङकङ, कुवेत, थाइल्यान्ड र म्यानमार छन् । प्रतियोगितामा हरेक समूहका शीर्ष दुई टोलीले सेमिफाइनल खेल्नेछन् । फाइनलमा पुग्ने दुई टोलीले ग्लोबल क्वालिफायर खेल्न पाउनेछन् । छनोट हुने नेपाली टोलीकी कप्तान रुविना क्षेत्रीसहित सीता रानामगर, ईन्दु बर्मा, अप्सरी बेगम, कविता कुँवर, कविता जोशी, अस्मिना कर्माचार्य, ईश्वरी विष्ट, कृतिका मरासिनी, बिन्दु रावल, नेरी थापा, काजोल श्रेष्ठ र सम्झना खड्का रहेका छन् । त्यसैगरी सरस्वती चौधरी, स्नेहा महरा, सृष्टि जैसी, कञ्चन श्रेष्ठ, रोमा थापा, सवनम राई, पूजा महतो, खुसी डंगोल, मनिषा चौधरी, ज्योति पाण्डे र रुबि पोडार रहेका छन् ।

# धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वास सुरु




■ प्रभाव संवाददाता

**काठमाडौँ–** पाँचौं धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वास प्रतियोगिता २०८० आइतबार सुरु भएको छ । राजेन्द्र शाक्य, रेसुभ चुरिवाल, प्रयाग जोशी, निशान्त अग्रवाल, धीर पुन, राजकुमार श्रेष्ठ र रत्नकाजी शाक्य पहिलो दिन जित हात पारेर दोस्रो चरणमा पुगेका छन् ।

रिषभले शैलश अमात्यलाई सजिलै ११-०, ११-२ र ११-७ को सोझो सेटमा हराएर अगाडि बढ्नुभयो । अन्य खेलमा निशान्तले अजय सिंह, धीरुले अजित के। सिंह ९११-५, ११-५, ११-६० र रत्नकाजीले जुनिल शाक्य ९११-४, ११-२, ११-३० लाई पनि सीधा सेटमा पराजित गरेर प्रिक्वाटरफाइनलको यात्रा तय गरे ।

प्रयाग र राजकुमारले भने पहिलो चरण पार गर्न प्रतिस्पर्धात्मक पाँच सेट खेल्नुपर्यो । प्रयागले ऋद्धि शाक्यलाई ९-११, ११-३, ९-११, ११-५ र ११-८ ले हराउनुभयो । राजकुमारले राज महर्जनविरुद्धको कठिन खेलमा ४-११, ९-११, ११-९, ११-४ र ११-७ ले जित हात पारे ।

राजेन्द्र भने वाकओभर प्राप्त गरी अगाडि बढ् नुभएको हो आश्विन तोडीले खेल छोडेपछि राजेन्द्र सीधै दोस्रो चरणमा पुगे । पुरुष एकलमा शीर्ष चार वरीयताप्राप्त खेलाडीलाई पनि पहिलो चरणमा बाई दिइएको छ ।

मास्टर्स एकलमा सुरेश शाक्य, मधुलाल मास्के, अजय के. सिंह, इन्द्रबहादुर र प्रेम सिंहले आ-आफ्नो खेल जितेर पहिलो चरण पार गरे । सुरशेले अनिल वज्राचार्यलाई ८-११, ११-६, ११-८, ११-५ र मधुलालले किरण श्रेष्ठलाई रोमाञ्चक पाँच सेटको खेलमा ५-११, १०-१२, १३-११, ११-४, ११-३ ले हराए ।

अजय केशरले पनि बल्लतल्ल महेन्द्र वैद्यलाई ११-८, ११-९, ६-११, ६-११ र ११-७ ले पराजित गरे । यसैगरी, इन्द्रबहादुरले रत्न महर्जनलाई ११-२, ११-४ र ११-६ तथा प्रेम सिंहले जितेन्द्र जोशीलाई ११-८, ११-२, १०-१२ र ११-२ ले हराएर दोस्रो चरणमा स्थान बनाए । महिला खुला र ब्वाइज यु-१९ का खेलहरू सोमबारमात्र सुरु हुनेछन् ।

घरेलु स्क्वासको सबभन्दा ठूलो प्रतियोगिता धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वासको साउन २७ गते सम्पन्न हुनेछ । यो प्रतियोगिता धनलक्ष्मी महर्जन फाउन्डेसनअन्तर्गत आयोजना भएको हो । स्क्वास संघका निवर्तमान अध्यक्ष किशोर महर्जनकी आमा स्वर्गीय धनलक्ष्मी महर्जनको सम्झनामा यो प्रतियोगिताको नामाकरण गरिएको हो ।

# गणेशमान सिंह खुला राष्ट्रिय किक बक्सिङ भदौ तेस्रो साता

■ प्रभाव संवाददाता

**काठमाडौं–** पाँचौं गणेशमान सिंह खुला राष्ट्रिय किकबक्सिंग प्रतियोगिता भदौ तेस्रो साता आयोजना हुने भएको छ ।

ललितपुर किकबक्सिंग संघ तथा ललितपुर जिल्ला खेलकुद विकास समितिको संयुक्त आयोजनामा हुने प्रतियोगिता भदौ २१ गतेदेखि सुरू हुने भएको हो । प्रतियोगिता गोदावरी नगरपालिका ११ प्यांगगाउँस्थित खेल मैदानमा सञ्चालन हुनेछ ।

प्रतियोगितामा नेपाल आर्मी, प्रहरी, सशस्त्र प्रहरी, कराते, तेक्वान्दो, उसु, बक्सिंग, मुआई थाई, किकबक्सिंग, फुल कन्ट्याक्ट कराते, आईटीएफ र सात प्रदेशका राष्ट्रिय स्तरका खेलाडीहरूको सहभागिता रहने छ ।

आयोजकका अनुसार पुरुषतर्फ ५० केजी, ५५ केजी, ६० केजी, ६५ केजी, ७० र खुला तौल समूहमा प्रतिस्पर्धा रहने छ। यस्तै, महिलातर्फ ४५ केजी, ५० केजी, ५५ केजी, ६० केजी, ६५ केजी र खुला तौल समूहमा प्रतिस्पर्धा रहने छ ।

प्रथम टिम च्याम्पियनले १ लाख र दोस्रो टिम च्याम्पियनलाई ५० हजार रूपैयाँ प्रदान गरिने छ। यस्तै, तेस्रो टिम च्याम्पियनले २५ हजार प्राप्त गर्ने छन् ।

पुरूष र महिलातर्फको उत्कृष्ट खेलाडीले समान १ लाख २५ हजार रूपैयाँ प्राप्त गर्ने छन् । प्रतियोगिताको कुल बजेट ५२ लाख ८१ हजार ६ सय रूपैयाँ अनुमानित रहेको छ ।

# ९० हजार श्रीलंकाली खडेरीको चपेटामा

**कोलम्बो–** नब्बे हजारभन्दा बढी श्रीलंकाली खडेरीको चपेटामा परेका देशको विपद् व्यवस्थापन केन्द्रले बताएको छ । पूर्वी, उत्तरपश्चिमी र उत्तरी प्रान्तका साथै सम्बारगमुवा प्रान्त खडेरी परेको केन्द्रले आइतबार बताएको हो ।

सत्ताइस हजार ८८५ परिवारका ९० हजारभन्दा बढी सदस्य खडेरीबाट पीडित भएका छन् । एक्काइस हजार परिवारका करिब ७० हजार सदस्य उत्तरी प्रान्त जाफ्नामा प्रभावित भएका केन्द्रले जनाएको छ ।

वर्षायाममा पानी नपर्दा तथा मौसमी वर्षा पनि नहुँदा धेरै श्रीलंकाली खडेरीको चपेटामा परेका हुन् । खडेरीका कारण कृषि उत्पादन नहुँदा देशले खाद्यसंकट झेल्दै आएको छ । गत वर्ष विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)ले ३० लाख सर्वसाधारणलाई खाद्यान्न वितरण गरेको थियो । यो वर्ष करिब ४० लाख श्रीलंकालीलाई यस्तो सहायता आवश्यक पर्ने अनुमान डब्ल्युएफपीले गरेको छ ।

दश लाख बालबालिकाले विद्यालयमा खाजासँगै अध्ययन गरेका छन् । डब्ल्युएफपीले देशका नौ जिल्लामा विद्यालय खाजा कार्यक्रम कार्यान्वयन गरेको छ । विद्यालय खाजा कार्यक्रमअन्तर्गत स्कुलहरूमा चामल वितरण गरिएको थियो । एक्काइस प्रतिशत श्रीलंकाली सन्तुलित भोजनबाट वञ्चित छन् ।

जग्गा भाडा, श्रमशक्ति, इन्धन, कृषि सामग्री र ऋण भुक्तानीमा भएको उच्च खर्चका कारण कृषि गतिविधिमा संलग्न घरपरिवारको ज्यादै घटेको छ । सामाजिक सुरक्षा, निवृत्तिभरण र मानवीय सहायतामा भर परेका परिवारले गत वर्षको तुलनामा यो वर्ष आम्दानी स्थिर रहेको बताएका छन् । अदक्ष श्रम, कृषि, निवृत्तिभरणमा निर्भर परिवारको अनुपात बढेको छ । *रासस/सिन्ह्वा*

# एकैपटक ५०८ रेल बिसौनीको सिलान्यास

**नयाँदिल्ली–** प्रधानमन्त्री नरेन्द्र मोदीले ५०८ वटा रेल बिसौनी पुनर्निर्माण एवं विकास परियोजनाको सिलान्यास गरेका छन् ।

भिडियो कन्फरेन्समार्फत अमृत भारत स्टेसन योजनाअन्तर्गत २५ हजार करोडका ती विशाल परियोजनाको उनले सिलान्यास गरेका हुन् । आइतबार सिलान्यास गरिएका रेल बिसौनीमा केन्द्रीय मन्त्री तथा सम्बन्धित राज्यका मुख्यमन्त्री एवं राज्यपालहरूको उपस्थिति थियो । रेल बिसौनी देशका २७ राज्य र केन्द्र शासित प्रदेशमा फैलिएका छन् ।

त्यस अवसरमा मन्तव्य व्यक्त गर्दै प्रधानमन्त्री मोदीले विश्वस्तरीय सुविधायुक्त रेल सेवा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नका साथै विपक्षीहरूको आलोचना पनि गरे । देश विकासका काममा आफू पनि नलाग्ने अनि अरुलाई पनि लाग्न नदिने प्रतिपक्षीले विरोध गर्दैमा आफू विचलित नहुने उनले बताए ।

'देशले आधुनिक संसद् भवन बनाएको छ, संसद् देशको लोकतन्त्रको प्रतीक हो । यसमा सत्तापक्ष र प्रतिपक्षको प्रतिनिधित्व छ तर विपक्षीले नयाँ संसद् भवनको विरोधमात्र गरेन उद्घाटन कार्यक्रमलाई बहिष्कार गऱ्यो । हामीले कर्तव्य मार्गको पुनर्विकास गर्यौं तर उहाँहरूले त्यसको पनि विरोध गर्नुभयो,' विपक्षी राजनीतिक दलका नेताले नकारात्मकबाट माथि उठेर सकारात्मक राजनीतिको बाटोमा अगाडि बढ्नुपर्ने सुझाउँदै भने ।

विरोधमात्र गर्ने विपक्षीहरूलाई लज्जा महसुस नभएको भन्दै प्रधानमन्त्रीले थपे, '७० वर्षसम्म उनीहरूले केही गरेनन्, देशका वीर सहिदहरूको सम्मानमा युद्ध स्मारक पनि बनाएनन् । हामीले राष्ट्रिय युद्ध स्मारक बनायौं, तिनीहरूले त्यसको पनि आलोचना गर्न पछि परेका छैनन् ।' *रासस/एएनआई*

# पाकिस्तानमा रेल दुर्घटना, १५ जनाको मृत्यु

**कराँची–** दक्षिणी पाकिस्तानमा रेल दुर्घटना हुँदा १५ जनाको मृत्यु भएको छ भने ४५ जना घाइते भएका छन् ।

कराँचीबाट एबोटाबादतर्फ गइरहेको हजारा एक्सप्रेस दक्षिणी सिन्ध प्रान्तको नवाबशाह सहरको सहारा रेलवे स्टेसन नजिकै पटरीबाट खस्दा उक्त हताहति भएको रेलमन्त्री ख्वाजा साद रफिकले पत्रकारलाई बताएका छन् । उद्धार टोलीहरू घटनास्थलमा पुगेका तथा थप टोलीलाई पनि घटनास्थलमा परिचालन गरिएको जानकारी उनले दिएका छन् ।

दुर्घटनाग्रस्त रेलका आठ डिब्बा पटरीबाट खसेका रेलवेका अधिकारी मोहसिन सियालले बताएका छन् । प्रान्तीय रेलवे अधिकारी इजाज शाहले यात्रीलाई गन्तव्यसम्म पुऱ्याउन अर्को रेल पठाइएको छ ।

सन् २०२१ को जुनमा सिन्धको डहरकी नजिक दुईवटा रेल एक आपसमा ठोक्किँदा ६५ जनाले ज्यान गुमाएका थिए भने १५० जना घाइते भएका थिए । सन् २०१९ को अक्टोबरमा तेजगाम एक्सप्रेसमा आगलागी हुँदा ७५ यात्रुको ज्यान गएको थियो । *रासस/एएफपी*

**NOC हराएको सूचना**

मिति 2080-4-11 गते कालीमाटीबाट मेरो निम्न व्यहोरा भएको No Objection Letter हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : **Paras Wod**
NOC No. **793641913**
Address : **Imadol, Lalitpur**
Mobile : **9845308152**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAVINA CAFE TRADING EST
पूर्व स्वीकृति मिति २०८०/०४/२१ LT. No. 290442 चलानी नं. ६०२०५६८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: BRITAM ARABIA COMPANY LIMITED
पूर्व स्वीकृति मिति २०८०/०४/२१ LT. No. 290418 चलानी नं. ६०२०५६९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fire Man | 1 | 0 | 5000 | १७५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GUAN HIN SAWMILL & HARDWARE SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०४/२१ LT. No. 290440 चलानी नं. ६०२०५६८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रोजगारदाता कम्पनीले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**
श्रम ईजाजत नं. ३१७/०५९/०६०
सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL
पूर्व स्वीकृति मिति २०८०/०४/११ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/२१ LT. No. 289954 चलानी नं. ६०२०५२५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | २६,३१० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAST CAPITAL CO.FOR CONSUMER ORDERS DELIVERY SPC
पूर्व स्वीकृति मिति २०८०/०४/१८ LT. No. 290273 चलानी नं.६०२०५७१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bike Riders /Delivery Boys | 18 | 0 | 130 | ५६,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: रोमियो ७२, बुढानिलकण्ठ, काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 290273 मिति: २०८०/०४/२१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : APPAREL TRADING COMPANY
पूर्व स्वीकृति मिति २०७९/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/२१ LT. No. 274683 चलानी नं. ६०१९०३२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 16 | 0 | 1200 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPECIAL SECURITY (MALAYSIA) SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०४/२१ LT No. 290428 चलानी नं. ६०२०५६७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 8 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५

**Career Development Human Resource Pvt. Ltd.**
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Midong Engineering & Construction Co Ltd
पूर्व स्वीकृति मिति २०८०/०४/२१ LT. No. 290415 चलानी नं ६०२०५६७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 23 | 0 | 1300 | ४५,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Wiring Technician | 3 | 0 | 2200 | ७७,७६५ | | | | | | | |
| 3 | Pick up truck Driver | 1 | 0 | 1800 | ६३,६२५ | | | | | | | |
| 4 | Drilling Worker | 5 | 0 | 1000 | ३५,३५० | | | | | | | |
| 5 | Scaffolding Erector | 6 | 0 | 1200 | ४२,४२० | | | | | | | |
| 6 | Welder | 2 | 0 | 1500 | ५३,०२० | | | | | | | |
| 7 | Electrician Drilling Rig | 2 | 0 | 1800 | ६३,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २९ गते (14th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।


काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११२५०० | प्रति तोला – १११९५० | प्रति तोला – १४२५ |



म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ पोखरेबगरमा रहेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको विद्युतगृह । म्याग्दी हाइड्रोपावर प्रालिले निर्माण गरेको घारखोलाको विद्युत आइतबारदेखि केन्द्रीय प्रशारण लाइनमा जोडिएको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# निर्माण व्यवसायी महासंघले घोषणा गर्‍यो थप आन्दोलन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल निर्माण व्यवसायी महासंघले आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरेको छ । आफ्ना जायज मागहरू सरकारले अझै सम्बोधन नगरेको भन्दै आइतवार महासंघ सचिवालयमा पत्रकार सम्मेलन गर्दै महासंघले दोस्रो तथा तेस्रो चरणका आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो ।

दोस्रो चरणको कार्यक्रम अन्र्तगत महासंघले साउन २२ सोमबारदेखि साउन २६ शुक्रवारसम्मको कार्यक्रम सार्वजनिक गरेको छ । जस अन्र्तगत सेफ्टी हेल्मेट र ज्याकेट लगाई हातमा कालो पट्टी सहित हरेक दिन विहान ९ बजेबाट महासंघदेखि संसद भवनसम्म सिठ्ठी जुलुस गरी संसद भवन अगाडि कोण सभा गर्ने र संसद् भवनदेखि माइतीघर मण्डला, बबरमहल हुँदै हनुमानस्थानमा सिठ्ठी जुलुश सहित धर्ना दिइने महासंघले जनाएको छ ।

तेस्रो चरणको आन्दोलनको कार्यक्रम अन्र्तगत साउन २८ सोमबारदेखि अत्यावश्यक बाहेकका सबै निर्माण कार्यहरू अनिश्चितकालका लागि बन्द गर्ने महासंघका अध्यक्ष रवि सिंहले बताए । त्यस्तै विकासे विभागहरूमा पालैपालो विहान १० बजेदेखि ११ बजेसम्म धर्ना तथा तालाबन्दी गर्ने कार्यक्रम महासंघले सार्वजनिक गरेको छ ।

तेस्रो चरणकै कार्यक्रम अन्र्तगत महासंघले निर्माण विज्ञहरूबीच प्रत्यक्ष सार्वजनिक




सुनुवाई कार्यक्रम आयोजना गर्नेछ । आफ्ना मागहरू पूरा नभए थानकोट तथा भक्तपुरको साँगा नाकामा आलोपालो गरी दैनिक एक घण्टा सडकमा चक्का जाम गरी नाका बन्द गर्ने कार्यक्रम महासंघले सार्वजनिक गरेको छ ।

पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष रवि सिंहले निर्माण उद्योग चलायमान भएमात्र समग्र अर्थतन्त्र चलायमान हुने बताए । बजेट अभावका कारण निर्माण व्यवसायीहरूलाई सरकारले तत्काल भुक्तानी दिन नसक्ने भनी अर्थमन्त्रीले हालै दिनु भएको अभिव्यक्तिले पनि महासंघको जारी आन्दोलनको औचित्य पुष्टि गरेको अध्यक्ष सिंहले बताए । 'सरकारले ऋण खोजेर भए पनि व्यवसायीहरूको रकम भुक्तान गर्नुपर्ने महासंघको स्पष्ट धारणा रहेको छ' अध्यक्ष सिंहले पत्रकार सम्मेलनमा भने ।

निर्माण व्यवसायीहरूले सम्पन्न गरिसकेको कामको भुक्तानी कुनै पनि बहानामा रोक्न नमिल्ने उनले बताए । महासंघका सल्लाहकार तथा पूर्व अध्यक्ष यक्षध्वज कार्कीले निर्माण उद्योगमा धेरै समस्या रहेको भन्दै उपभोक्ता समिति मार्फत निर्माण काम गरिनु गलत भएको टिप्पणी गरे ।

महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (ए.डी.) ले बहुसंख्यक निर्माण व्यवसायीहरूले गलत काम गरेका छैनन् भन्ने प्रमाणित गर्नका लागि आफूहरू जनतामाझ जान तयार रहेको जानकारी दिए । महासंघका महासचिव रोशन दाहालले सबै निर्माण कार्यको भुक्तानी हुनुपर्ने, नेपाल सरकारबाट जारी म्याद थपको आदेशमा संशोधन गरी सम्पूर्ण आयोजनाहरूको एकमुष्ट रूपले म्याद थप गर्न पुनः आदेश जारी गर्नुपर्ने लगायतका माग सहित महासंघ आन्दोलनरत रहेको बताए ।

अत्याधिक र अप्रत्याशित रूपले भएको मूल्यवृद्धिलाई सम्बोधन हुने गरी मूल्य समायोजन गरिनुपर्ने, रुग्ण आयोजनाहरू अन्यौलग्रस्त र बजेट नभई काम हुन नसक्ने एवं काबु बाहिरका निर्माण कार्य सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने, सरकारबाट भक्तानी नभएसम्मको लागि चेक बाउन्स र बैक ग्यारेण्टी जफत गर्ने लगायतका कार्वाही रोकिनुपर्ने माग पनि महासंघले अघि सारेको छ ।

बिमाको प्रिमियम दरमा भएको वृद्धिलाई खारेज गरिनुपर्ने, नियोक्ताले श्रोतमा कट्टा गरेको अग्रीम आयकर र मु.अ.करको रकम समयमा राजस्व खातामा दाखिला गरिनुपर्ने, निर्माण उद्योगसँग सम्बन्धित ऐन, नियम संशोधन गरिनुपर्ने लगायतका माग पनि महासंघको छ । पहिलो चरणको आन्दोलन अन्र्तगत महासंघले गत साता सार्वजनिक खरिद अनुमगन कार्यालय सहित प्रधानमन्त्री निवास बालुवाटार र नयाँ बानेश्वरस्थित संसद भवन अगाडि धर्ना दिएको थियो ।

महासंघको जारी आन्दोलनमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल मध्यस्थता परिषद, नेपाल हेभिइक्वमेन्ट महासंघ लगायतका संघ संस्थाले ऐक्यवद्धता जनाएका छन् । अघिल्लो साताको धर्ना कार्यक्रममा सहभागी भई नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र लगायतका दलका नेताहरूले ऐक्यवद्धता जनाएको महासंघका प्रवक्ता समेत रहेका नीतिगत उपमहासचिव शिवहरि घिमिरेले बताए ।

# 'व्यवसायीका जायज माग सम्बोधन गर'

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्माण व्यवसायीका माग सम्बोधन गर्न निजी क्षेत्रले सरकारसँग माग गरेको छ । निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग संघ र नेपाल उद्योग वाणिज्य महासंघले प्रेस विज्ञप्ति जारी गर्दै निर्माण व्यवसायीका जायज माग यथासक्य छिटो सम्बोधन गर्न सरकारसँग माग गरेका हुन् ।

'कूल गार्हस्थ उत्पादनमा निर्माण क्षेत्रको ठूलो योगदान छ । निर्माण व्यवसायीका जायज माग सुनुवाइमा ढिला हुँदा त्यसको असर समग्र अर्थतन्त्रमा पर्नेतर्फ सचेत बन्न समेत परिसंघ अनुरोध गर्दछ', उद्योग परिसंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । उच्च ब्याजदर, न्युन माग, न्युन उत्पादन एवं रोजगारी कटौतीलगायत कारण निजी क्षेत्रको मनोबल घटिरहेको उल्लेख गर्दै परिसंघले यस्तो चुनौतीपूर्ण अवस्थामा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गरेको भुक्तानीसमेत नपाउँदा त्यसको प्रत्यक्ष असर अर्थतन्त्रमा पर्ने जनाएको छ ।

सम्पन्न भइसकेका कामकोसमेत भुक्तानी सरकारले रोकेको भन्दै आन्दोलनरत निर्माण व्यवसायीका जायज माग सम्बोधन गर्न नेपाल उद्योग वाणिज्य महासंघले पनि यसअघि सरकारको ध्यानाकर्षण गराइसकेको छ ।

'कूल गार्हस्थ उत्पादनमा ठूलो योगदान रहेको निर्माण व्यवसाय क्षेत्रका जायज माग सुनुवाइमा भइरहेको ढिलाईले निर्माण मात्र नभइ समग्र अर्थतन्त्रमा नै समस्या पर्ने देखिएको छ । व्यवसायीले निर्माण कार्य सम्पन्न गरेपनि भुक्तानी नहुँदा वित्तीय प्रणाली र समग्र अर्थतन्त्रमा नै नकारात्मक प्रभाव परेको हुँदा त्यसतर्फ सरकार संवेदनशील हुनु जरुरी छ', विज्ञप्तिमा उल्लेख छ ।

विकास निर्माण र सर्वसाधारणको जीवनयापनसँग समेत जोडिएका परियोजनाका काम रोकिँदा सरकारको पुँजीगत खर्च हुन नसकेको र त्यसबाट जनताले पाउनुपर्ने सुविधाबाट वञ्चित भइरहेको महासंघले जनाएको छ । निर्माण, उद्योग र थोक व्यापार नकारात्मक रहँदा अर्थतन्त्र मन्दीमा गएको र यसबाट बैंक तथा वित्तीय संस्था, सिमेन्ट, छड जस्ता निर्माण सामाग्री उत्पादक र सरकारको राजश्वमा गम्भीर असर परेको महासंघ ठहर छ ।

'अहिले राजस्व १३ प्रतिशतले घटेको छ भने उद्योगहरू करिब ३० देखि ३५ प्रतिशत क्षमतामा मात्रै चलिरहेका छन् । अतः विभिन्न माग राखी आन्दोलित निर्माण व्यवसायीका जायज माग सम्बोधन गर्न नेपाल उद्योग वाणिज्य महासंघ नेपाल सरकार समक्ष आग्रह गर्दछ', विज्ञप्तिमा भनिएको छ ।

## कर्पोरेट

## सिद्धार्थ बैंकको सन्तुलित वित्तीय विवरण

**काठमाडौं (प्रस)** – सिद्धार्थ बैंकले आर्थिक वर्ष २०७९/८० को अपरिस्कृत वित्तीय विवरण प्रकासित गरेको छ । बैंकले चौथो त्रयमासमा उल्लेखनीय प्रदर्शन गर्दै आफ्नो वित्तीय अवस्थामा सुधार ल्याएको छ ।

बैंकले गत आर्थिक वर्षमा ग्राहकको निक्षेपमा रु. ३२ अर्व १० करोडले उल्लेख्य वृद्धि गरी रु. २२३ अर्व ६५ करोड पुर्‍याउन सफल भएको छ । गत आर्थिक वर्षको एघार महिनामा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १२.२५ ले वृद्धि भएको छ भने सिद्धार्थ बैंकको गत आर्थिक वर्षमा १६.७६५ ले वद्धि भएको देखिन्छ । बैंकको कर्जा तथा सापट सामान्य २.२८५ ले वृद्धि भई रु. १८९ अर्व २१ करोड पुगेको छ । बैंकले आफ्नो १९६ शाखा संजाललाई प्रभावकारी ढंगले परिचालन गरी उक्त वृद्धि हासिल गर्न सफल भएको छ । प्रकाशित वित्तीय विवरण अनुसार बैंकले गत आर्थिक वर्षमा रु. ३ अर्व १९ करोड खुद नाफा आर्जन गरेको छ जुन अघिल्लो वर्षको तुलनामा करिब १० प्रतिशतको वृद्धि हो । बैंकले कर्जा नोक्सानी व्यवस्था वापत इम्पेयरमेन्ट चार्ज अन्तर्गत रु. १ अर्व १२ करोड यस वर्ष मात्रै खर्च लेखांकन गरेको छ । यसका वाबजुत पनि बैंकको खुद व्याज आम्दानी र शुल्क तथा कमिशन आम्दानीमा भएको वृद्धिले गर्दा खुद नाफा रु. २९ करोडले वृद्धि भएको छ ।

बैंकको खुद व्याज आम्दानी अघिल्लो आर्थिक वर्षमा भन्दा करिब २४ प्रतिशत अर्थात रु. १ अर्व ५८ करोडले बढेर रु. ८ अर्व १७ करोड आर्जन गर्न सफल भएको छ । त्यसै गरी गत आर्थिक वर्षमा खुद शुल्क तथा कमिशन आम्दानी करिब १२ प्रतिशत (रु. १४ करोड) ले वृद्धि भई रु. १ अर्व ३६ करोड कमाएको छ । बैंकको खुद व्यापारिक आम्दानी तथा अन्य संचालन आम्दानीमा भने अघिल्लो आर्थिक वर्षको तुलनामा कमी आएको छ । यस अन्तर्गत मुख्यतया विदेशी विनिमय सम्बन्धीत आम्दानी तथा सेयर लगानी गर्दा प्राप्त हुने लाभांश आम्दानी पर्दछ । गत आर्थिक वर्षको एघार महिनामा देशको आयातमा १६ प्रतिशतले कमी आएको छ र यसले गर्दा बैंकको विदेशी विनिमय सम्बन्धीत आम्दानीमा प्रभाव पारेको देखिन्छ । त्यस्तै, देशको पूंजी बजारमा परेको प्रभावले गर्दा बैंकको लाभांश आम्दानी पनि अघिल्लो आर्थिक वर्षको तुलनामा कम भएको छ । बैंकको कर्मचारी तथा अन्य संचालन खर्च रु. ३४ करोडले वृद्धि भए तापनि संचालन मुनाफा करिब रु. ४२ करोड (१० प्रतिशत)ले वृद्धि भई रु.४ अर्व ६८ करोड आर्जन गरेको छ । बैंकले चौथो त्रयमासमा उल्लेखनीय प्रदर्शन गर्दै अघिल्ला तीन त्रैमाससम्म आर्जन गरेको खुद नाफाभन्दा चौथो त्रैमासमा मात्र आर्जन गरेको खुद नाफा बढि रहेको छ ।

## सिटिजन्स बैंक र ट्रिबोन्स रिसोर्ट नेपालबीच समझदारी




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र लाकुरी फेदी, ललितपुर स्थित ट्रिबोन्स रिसोर्ट नेपाल प्रा.लि. बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिंग ग्राहकहरूले ट्रिबोन्स रिसोर्ट नेपालमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिंग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८८ वटा शाखा, १४७ वटा ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिंग ईकाईहरूबाट १६ लाख भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिंग सेवाहरू प्रदान गर्दै आएको छ ।

# नेप्सेमा उच्च अंकको गिरावट

## ३८ अंकले परिसूचक घट्दा पौने ३ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । कारोबारपछि नेप्से परिसूचक ३८ दशमलव ३७ अंकले घटेर दुई हजार ५१ दशमलव ४७ बिन्दुमा कायम भएको छ ।

विभिन्न दुई सय ६५ कम्पनीका ८० लाख सात हजार तीन सय ६१ कित्ता सेयर ६१ हजार नौ सय १७ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब ६८ करोड ७१ लाख ४८ हजार दुई सय ३४ मूल्यमा कारोबार भएका छन् ।

सबैभन्दा धेरै जीवन बिमा समूहको उपसूचक दुई सय ३७ दशमलव ९६ र निर्जीवन बिमा समूहको उपसूचक दुई सय २२ दशमलव ६० अंकले घटेको छ । बैंकिङ समूह २२ दशमलव ३४, विकास बैंक ९७ दशमलव ५१, वित्त ६२ दशमलव २७, होटल तथा पर्यटन दुई सय एक दशमलव ३८ र जलविद्युत् समूह ४४ दशमलव ४९ अंकले घटेको छ । त्यस्तै, लगानी समूह शून्य दशमलव ८७, उत्पादन तथा प्रशोधन ८४ दशमलव ०१, लघुवित्त ६१ दशमलव ८२, म्युचुअल फन्ड शून्य दशमलव १५ व्यापार ६८ दशमलव २७ र अन्य समूह १७ दशमलव ०७ अंकले घटेको छ ।

आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ भने प्रोग्रेसिभ फाइनान्स लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९५ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सानिमा बैंक लिमिटेडको रू १२ करोड ६९ लाख ८२ हजार तीन सय तीन बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सप्याका आधारमा सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको चार लाख ४९ हजार सात सय ६१ कित्ता सेयर किनबेच भएको छ ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **प्रभाव पब्लिकेशन प्रा.लि.** को **रेभिन्यू शाखामा कलेक्टर** पदमा कार्यरत **विदुरनाथ पौडेल** कुनै सूचनाविना कार्यालयमा अनुपस्थित भई सम्पर्कबाहिर रहेको हुंदा यस प्रा.लि.को सञ्चालक समितिको निर्णयअनुसार निजलाई सम्पूर्ण जिम्मेवारीबाट हटाइएको जानकारी गराउँदै आजको मितिबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनुहुन सम्बन्धित सबैलाई यसै सूचनामार्फत आग्रह गर्दछौं । साथै, आजको मितिबाट कसैले निजसँग आर्थिक वा अन्य कारोबार गरेमा यस प्रा.लि. जवाफदेही नहुनेसमेत जानकारी गराउँछौं ।

**प्रभाव पब्लिकेशन प्रा.लि.**
Shifal-7, Kathmandu, Nepal, Tel: +977-1-4373577, Whatsapp: 9761815400
E-mail : marketing2prabhab@gmail.com, prabhbadaily@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ